'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

'मजदुर' दैनिक पत्रिका
नियमित पढ्ने गरौं ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४७ ★ ने. सं. ११४६ ञला गा, प्रतिपदा ★ आइतबार ★ ११ असोज, २०८३ ★ September 27, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




दसौं हजार प्यालेस्टिनी जनताको हत्याका निम्ति जिम्मेवार युद्धपिपासु इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुको संयुक्त राष्ट्र सङ्घीय महासभामा उपस्थिति र संरा अमेरिका भ्रमणको विरोधमा 'बेन्जामिन नेतन्याहु युद्धअपराधी हो', 'नरसंहार बन्द गर' लेखिएका ब्यानर र प्लेकार्डसहित न्युयोर्कका सडकमा विरोध प्रदर्शन गर्दै यहुदी सङ्गठनका अगुवासहित अमेरिकी जनता २५ सेप्टेम्बर २०२६को साँझ । ***तस्बिर : एपी***

## संयुक्त राष्ट्र सङ्घमा कसले के बोले ?

**● संरा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प**

संरा अमेरिकाको सेना संसारमै शक्तिशाली छ । सबै क्षेत्रमा संरा अमेरिका पहिलो हो । म इरानलाई आणविक हतियार हुन कहिल्यै दिनेछैन । आतङ्कवादको नम्बर एक प्रायोजक इस्लामिक रिपब्लिक अफ इरान हो । म इरानलाई नष्ट गर्छु । संरा अमेरिकासँग प्रयोग गर्न सक्ने कल्पनाभन्दा पनि बढी हतियार छ । संरा अमेरिकामा कहिल्यै कम्युनिस्ट आउनेछैन । संरा अमेरिकाले ग्रीनलैन्डलाई सुरक्षा दिनेछ । अमेरिकाविरोधीलाई ग्रीनलैन्डमा सैन्य उपस्थिति हुन दिने छैन । संरा अमेरिकी सरकार अन्तर्राष्ट्रिय फौजदारी अदालतको विरोध गर्छ । यो अदालत दुष्टहरूको समूह हो । 'कृत्रिम बौद्धिकता' लाई अमेरिकाले अबदेखि 'सुपरइन्टेलिजेनस' भनिनेछ ।

**● इरानका राष्ट्रपति मसुद पेजिश्किनको जवाफ**

हामी ट्रम्प र नेतन्याहुको आतङ्कवादबाट पीडित हौं । तिनीहरूले इरानको विद्यालय, विश्वविद्यालय, अस्पताल, अन्य पूर्वाधारमा बमबारी गरे । हामीले घुँडा टेकेनौं, जवाफ दियौं । तिनीहरूले गाजामा ८० हजार निर्दोष नागरिकको हत्या गरे । हामी प्यालेस्टिनलाई छोडेर शान्तिको कुरा गर्न



सक्दैनौं । प्यालेस्टिनमा न्यायबिना पश्चिम एसियामा दीगो विकास सम्भव छैन । आणविक र परमाणु बमहरू इजरायली सरकारसँग छ त तर निरीक्षण इरानमा भइरहेको छ । ट्रम्पको भनाइ संयुक्त राष्ट्र सङ्घको सार र बडापत्रविपरीत छ ।

**● इजरायलका प्रधानमन्त्री नेतन्याहु**

इजरायली र संरा अमेरिकी लडाकु पाइलटहरूले इरानको आणविक क्षेत्रमा बमबारी गरे । म राष्ट्रपति ट्रम्पलाई धन्यवाद दिन्छु ।

● बेलायती उदार प्रजातान्त्रिक नेता एड डाभेयूलले गत जनवरी महिनामा 'ट्रम्प अन्तर्राष्ट्रिय गुण्डा नाइके' भएको बताएका थिए ।

● चीनको विदेश मन्त्रालयका प्रवक्ताले अमेरिकी प्रतिबन्धको सामना गर्ने उल्लेख गर्दै यसले अमेरिकी कम्पनी र जनतालाई अहित गर्ने बताए ।

## जनताको सेवामा लाग्नेहरू पछुताउन नपर्ने

भक्तपुर, १० असोज । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनताको सेवामा समर्पित भएर लाग्नेहरूले कहिल्यै पछुताउन नपर्ने बताउनुभएको छ ।

भक्तपुर नगरपालिका वडा नं. ६ द्वारा आयोजित 'मेयरसँग युवा-विद्यार्थीहरूको अन्तरसंवाद' कार्यक्रममा प्रमुख प्रजापतिले भक्तपुरलाई आजको अवस्थामा ल्याइपुऱ्याउन यहाँका अग्रजहरूको ठुलो योगदान रहेको बताउनुभयो ।

उहाँले भूकम्पपछिको पुनर्निर्माणमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजका प्राविधिकहरूको ठुलो सहयोग रहेको उल्लेख गर्दै शिक्षा र स्वास्थ्यसँगै मूर्त तथा अमूर्त सम्पदाको संरक्षणमा पनि भक्तपुर नगरपालिकाले जोड दिइरहेको बताउनुभयो ।

उहाँले दक्ष जनशक्ति उत्पादनका लागि नगरपालिकाद्वारा सञ्चालित कलेजका विद्यार्थीहरूलाई नगरपालिका, ख्वप अस्पताल तथा वडा कार्यालयहरूमा इन्टर्नसिप गराइरहेको जानकारी दिनुभयो ।

युवा-विद्यार्थीलाई भविष्यको दक्ष जनशक्ति बनाउन नगरपालिकाले छात्रवृत्ति, शैक्षिक ऋण तथा उद्यमशीलता ऋण उपलब्ध गराई सहयोग गरिरहेको




पनि उहाँले बताउनुभयो ।

प्रमुख प्रजापतिले भन्नुभयो, "हाम्रा कलेजमा अध्ययनरत छात्राहरूको सङ्ख्या संविधानले परिकल्पना गरेको ३३ प्रतिशत महिला सहभागिताभन्दा उच्च हुने देखिन्छ । उच्च शिक्षामा छात्राहरूको सङ्ख्या बढ्नुले देशको भविष्य महिलाहरूको हातमा जाने सङ्केत हो ।"

वडा नं ६ का वडाध्यक्ष एवं कार्यक्रमका सभापति हरिराम सुवालले देशको ऐना नै विद्यार्थी भएकाले विद्यार्थीले आफ्नो बौद्धिक क्षमताको सदुपयोग गर्दै समाजप्रति सचेत र जिम्मेवार हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "विद्यार्थीहरूमा अध्ययनसँगै व्यावहारिक ज्ञान, सीप र क्षमता हुनु आवश्यक छ ।"

समाजसेवी गोपीकृष्ण चाँगुभारीले नेपाल मजदुर किसान पार्टीको अथक सङ्घर्षका कारण भक्तपुर नगरपालिकाद्वारा सञ्चालित सातवटा कलेजमा देशका विभिन्न जिल्लाका विद्यार्थीले सर्वसुलभ रूपमा अध्ययन गर्न पाएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य रोशनमैँया सुवाल, शिक्षक जगन्नाथ सुजखु र वडा सदस्य सिद्धिराम अवालले पनि आ-आफ्ना धारणा व्यक्त गर्नुभएको थियो ।

## पूर्वजहरूको योगदानबारे नयाँ पुस्तालाई बोध गराउनु आवश्यक

भक्तपुर, १० असोज । संगम बचत तथा ऋण सहकारी संस्थाको १९ औं वार्षिक साधारणसभा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य तथा बाग्मती प्रदेशसभाका सदस्य सुरेन्द्रराज गोसाईको प्रमुख आतिथ्यमा शनिबार सम्पन्न भयो ।

सभाको उद्घाटन गर्दै प्रदेशसभा सदस्य गोसाईले एकता र सहकार्यकै कारण भक्तपुरले आजको स्वरूपमा आफूलाई विकास गरेको उल्लेख गर्दै भन्नुभयो, "असल नेतृत्व, नीति र नियतका साथ गरिएका हरेक क्रियाकलापको सधैँ सकारात्मक प्रतिफल प्राप्त हुन्छ ।"

उहाँले भन्नुभयो, "सम्पदा संरक्षण, शिक्षा, स्वास्थ्य र सरसफाइको क्षेत्रमा भक्तपुरमा भएको काम नेपालकै लागि नमुनाका रूपमा लिन थालिएको छ । आजको अवस्था ल्याउन हाम्रा पूर्वजहरूले गरेको योगदानलाई स्मरण गर्दै नयाँ पुस्तालाई यसको महत्त्वबारे बोध गराउनु आवश्यक छ ।"

समाजका जिम्मेवार नागरिकको हैसियतले सबैले समाजप्रति जिम्मेवार भएर काम गर्नुपर्ने आवश्यकता औंल्याउँदै सांसद गोसाईले भन्नुभयो, "समाजप्रति जिम्मेवार भएर गरिएका असल कामको सधैँ सराहना गर्दै गलत तत्त्वको डटेर प्रतिरोध गर्न सकेमा समाज प्रगतिको बाटोमा हिँड्छ ।"

उहाँले भन्नुभयो, "जिम्मेवार सहकारी संस्थाले आफ्ना सदस्यहरूको उमेर संरचना, पेसा र आवश्यकताअनुसार समूहगत छलफल सञ्चालन गर्नु जरुरी छ । यसले सदस्यहरूलाई संस्थाप्रति बढी भरोसा जगाउँछ; जिम्मेवारी पनि इमानदारीका साथ बहन गर्ने वातावरण निर्माण हुन्छ ।"

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले साधारणसभाको सफलताको कामना गर्दै भक्तपुरमा सञ्चालित सहकारी संस्थाहरू सुरक्षित रहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले शिशुस्याहारदेखि ज्येष्ठ नागरिक आश्रमसम्मका कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिँदै भक्तपुर नगरपालिकाले इतिहास, भूगोल, संस्कृति, अर्थशास्त्रलगायत विषयमा पूर्ण छात्रवृत्तिको व्यवस्था गरेको बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घ लि.का सचिव जगन्नाथ प्रजापतिले सहकारी संस्था र सदस्य एकअर्काका परिपूरक भएको बताउँदै केही सहकारी संस्थामा भएका बदमासीका कारण समग्र सहकारी क्षेत्रलाई नियमनको नाममा नियन्त्रण गर्नु गलत भएको धारणा राख्नुभयो ।

संस्थाका सल्लाहकार न्हुछेराम भेलेले सहकारी क्षेत्रको काम बचत र ऋणसँग मात्र सम्बन्धित नभएकोले सदस्यहरूलाई सामाजिक तथा सांस्कृतिक पक्षबाट समेत शिक्षित बनाउनुपर्ने सुझाव दिनुभयो ।

अर्का सल्लाहकार राजाराम चवालले संस्थाको स्थापनाको प्रसङ्ग स्मरण गर्दै श्रमिक तथा किसानहरूले सानातिना आर्थिक समस्या समाधानको लागि साहुमहाजनको मुख ताक्नुपर्ने अवस्थामा संगम बचत तथा ऋण सहकारी संस्थाको स्थापना भएको बताउनुभयो ।

संस्थाका अध्यक्ष बलराम सिबन्जारको अध्यक्षतामा सम्पन्न साधारणसभामा उपाध्यक्ष शिवराम किजूले स्वागत मन्तव्य र सञ्चालक सदस्य रामसुन्दर ख्याजुले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

बन्दसत्रमा संस्थाका सचिव विजय लोहलाद्वारा प्रस्तुत प्रगति प्रतिवेदन, कोषाध्यक्ष बलराम नागाले प्रस्तुत गर्नुभएको आर्थिक प्रतिवेदन तथा बजेट र लेखा समितिका संयोजक पुण्यराम भेलेले प्रस्तुत गर्नुभएको प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन सर्वसम्मत रूपमा पारित गरिएको थियो ।

***बाँकी पृष्ठ २ मा***



**भक्तपुर दरबार परिसरमा अवलोकन गर्न आएका पर्यटक**
केही दिनको निरन्तर वर्षा रोकिएपछि विश्व सम्पदा सूचीमा सूचिकृत भक्तपुर दरबार परिसरमा शनिबार यहाँका सम्पदा अवलोकन गर्न आएका पर्यटक ।
*तस्विरः प्रविन पौडेल/रासस*

# सहकारीहरूले उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने

भक्तपुर, १० असोज । सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि.को १६ औँ वार्षिक साधारणसभाको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले शनिबार गर्नुभयो ।

प्रमुख प्रजापतिले सहकारी संस्थाहरू रकम लेनदेनमा मात्र केन्द्रित भए बैङ्क तथा वित्तीय संस्थाभन्दा फरक नहुने उल्लेख गर्दै सहकारीले उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सहकारीको उद्देश्य सदस्यहरूको साझा हितमा काम गर्नु रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "आफ्ना सदस्यहरूलाई आत्मनिर्भर बनाउन क्षमताअनुसार काष्ठकला, सिलाइ, बेकरी, मोटरसाइकल तथा मोबाइल मर्मतजस्ता सीपमूलक तालिम दिनु आवश्यक छ ।"

सहकारीहरू डुबिरहेको प्रसङ्ग उल्लेख गर्दै प्रमुख प्रजापतिले सहकारी सञ्चालकहरूले गैरकानुनी ढङ्गबाट सहकारीको पैसा प्रयोग गरी निजी सम्पत्ति जोड्ने, करोडौँ रुपैयाँका गाडी जोड्ने तथा व्यापारमा लगानी गर्नेजस्ता कार्यले कतिपय सहकारी संस्था डुब्दै गएको हुँदा यसबाट शिक्षा लिनु जरुरी रहेको बताउनुभयो ।

उहाँले भक्तपुर नगरपालिकाभित्रका सहकारीहरू डुब्न नपाऊन् भनेर समय-समयमा अनुगमन गरी सहकारी सञ्चालकहरूलाई सचेत गराउने गरेको बताउनुभयो ।

अपरिचित व्यक्तिद्वारा सञ्चालित सहकारीमा पैसा नराख्न नगरपालिकाले आग्रह गर्दै आए पनि उक्त आग्रहलाई बेवास्ता गर्दा कतिपय व्यक्तिको पैसा जोखिममा परेको उहाँले बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले जनताको बचत उत्पादनशील क्षेत्रमा लगानी गरे सुरक्षित हुने बताउनुभयो ।

उहाँले सीपमूलक तालिम दिई सामाजिक कार्य गरी सदस्य उत्थानमा ध्यान दिनुपर्ने बताउनुभयो । उहाँले नगरपालिकाले पनि सीपमूलक तालिम, कला संस्कृति, सम्पदा संरक्षण र सरसफाइमा जोड दिएको बताउनुभयो ।

गपली टोल सुधार समितिका अध्यक्ष रामकृष्ण प्रजापतिले सहकारी भनेको बचत गर्ने र ऋण लिने संस्था मात्र नभई सदस्यहरूबिच आपसी सहयोग, विश्वास, सहकार्य र आर्थिक अनुशासन कायम गर्दै समुदायको आर्थिक तथा सामाजिक विकासमा योगदान पुऱ्याउने महत्त्वपूर्ण माध्यम भएको बताउनुभयो ।

लेखापरीक्षक शङ्कर बुढाथोकीले ३८ प्रतिशत तरलताले नाफा कम भएको बताउनुभयो ।

समाजसेवी एवम् गायक हरिसुन्दर लाखे श्रेष्ठले योग्य र सक्षम व्यक्ति र स्थानीयले नेतृत्व गरेको सहकारी नबिग्रिने बताउनुभयो ।

पतञ्जली योग समिति वाग्मती प्रदेशका सचिव कृष्णराम गणेशले स्वस्थ रहन बिहानै उठेर छिकोन वा योग आवश्यक छ भन्नुभयो ।

संस्थाका अध्यक्ष रविन छुस्याकीको सभापतित्वमा सम्पन्न कार्यक्रममा संस्थाका सचिव रामप्रसाद प्रजापतिले प्रगति प्रतिवेदन पेस गर्नुभयो । संस्थाका सदस्य गणेशमान हाकुदुवालले आर्थिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभयो । संस्थाका लेखा सुपरिवेक्षण समितिका संयोजक राजु त्वातीले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभयो भने स्वागत मन्व्य बचत उपसमितिका संयोजक गौरी छुस्याकी र सञ्चालन प्रिया भट्टले गर्नुभएको थियो ।

# भक्तपुर बचतमा संस्थापक र पूर्वपदाधिकारी भेला

भक्तपुर, १० असोज । भक्तपुर बचत तथा ऋण सहकारी संस्था लिमिटेडको असोज १७ गते ब्रह्मायणी पीठमा हुने २९ औँ वार्षिक साधारणसभाको जानकारी दिन संस्थाका संस्थापक र पूर्वपदाधिकारीहरूको भेला शुक्रबार सम्पन्न भयो ।




उक्त कार्यक्रममा संस्थाका सल्लाहकार एवम् संस्थापक कृष्णप्रसाद धन्छाले हरेक विज्ञहरूका कुरालाई वास्ता नगर्दा ठूला ठूला विपत्ति सामना गर्नुपरेको र जनधनको क्षति खेप्नुपरेको बताउनुभयो । उहाँले भक्तपुर बचतको संरक्षकत्वमा सञ्चालित भक्तपुर आदर निकेतनमा कुनै पनि कमीकमजोरी हुन नदिन लाग्नुपर्नेमा जोड दिँदै उक्त आदर निकेतनबाट व्यवहारिक पक्ष सिक्नका लागि विभिन्न विद्यालयका विद्यार्थीहरूले नियमित रूपमा अवलोकन भ्रमण गरिरहेको बताउनुभयो ।

उहाँले पुँजीवादी सोचअनुसारको सरकार भएकोले त्यसले निम्नवर्गीय जनताका लागि काम नगर्ने र स-साना पुँजीबाट चलेका सहकारीलाई बन्द गराउन विभिन्न नीतिहरूको निर्माण गरिएको बताउनुभयो ।

संस्थाका संस्थापक एवम् पूर्वअध्यक्ष बलराम प्रजापतिले २९ औँ वार्षिक साधारणसभालाई व्यवस्थित र मर्यादित रूपमा सञ्चालन गर्न संस्थापक र पूर्वपदाधिकारीहरूको साथ र सहयोग हुने बताउनुभयो ।

उहाँले ४० जना संस्थापकहरूबाट रोपेको बीउले आजको अवस्था पाउनु गर्वको कुरा रहेको बताउँदै संस्थाको स्थापनादेखि नै आर्थिक अनुशासन र पारदर्शितालाई अँगाल्दै अघि बढेको बताउनुभयो । विगतमा निकै दुःख र सङ्घर्षबाट हुर्केको जगलाई नयाँ पुस्ताले विभिन्न नीति र विधिका साथ मजबुत बनाएको उहाँ स्पष्ट पार्नुभयो ।

संस्थाका अध्यक्ष निर्मल प्रजापतिले भक्तपुर बचतलाई अन्य सहकारीहरूले 'मार्केट लिडर' का रूपमा हेरिरहेको बताउँदै प्राधिकरणलगायतबाट आएका नीति र निर्देशनहरूलाई संस्थाले कसरी लिन्छ भनी सबैले निगरानी गरिरहेको औँल्याउनुभयो । संस्थाको २९ औँ साधारणसभाको तयारीबारे स्पष्ट पार्दै प्राधिकरणको नीति र निर्देशनलाई एक एक पाइला गरी पूरा गर्दै गएको उहाँको भनाइ छ । सहकारी अब स्वनियमनको अवस्थामा नरहेको हुँदा निर्देशन दिने संस्था धेरै हुँदा सहकारी संस्था झन् जटिल र भद्रगोलको अवस्थामा पुग्ने उहाँको तर्क छ ।

संस्थाका उपाध्यक्ष लक्ष्मीप्रसाद कुसीले सरकारले सहकारीप्रति हेर्ने दृष्टिकोण फरक रहेको बताउँदै सहकारीलाई एकपछि अर्को निर्देशनबाट उठ्नै नसक्ने अवस्थामा ल्याएको स्पष्ट पार्नुभयो । उहाँले भक्तपुर आदर निकेतनबारे जानकारी दिँदै निरन्तर सञ्चालनका लागि सबैको साथ र सहयोगको अपेक्षा गर्नुभयो ।

संस्थाका संस्थापक केदारमान ज्याख्वले जिज्ञासा राखेको उक्त कार्यक्रममा व्यवस्थापक सत्यनारायण साँयजुले संस्थाको हालसम्मको वित्तीय अवस्थाबारे जानकारी दिनुभयो । भदौ मसान्तसम्ममा संस्थाको वासलात ४ अर्ब ३५ करोड रहेको उक्त संस्थाले प्रदान गर्दै आएको सेवा सुविधाबारे उहाँले स्पष्ट पार्नुभयो ।

# त्रिशुली ३ 'ए' बाट उद्धार गरिएका ई. कविर महर्जन उपचारपछि घर फिर्ता

कीर्तिपुर, १० असोज । भदौ १० गते आएको भोटेकोसी भेलबाढीबाट र सुवा, त्रिशुली ३ 'ए' विद्युत् गृहमा फस्नुभएका मेकानिकल सुपरभाइजर भई कार्यरत ई. कविर महर्जन असोज ९ गते शुक्रबार कीर्तिपुर नपा वडा नं. ५ पाँगा तलपोखरीस्थित आफ्नै निवासमा फर्कनुभयो ।



भदौ १ गतेबाट सुरुङभित्र फस्नुभएका महर्जनलाई १० दिनपछि भदौ १९ गते नेपाली सेना उद्धार टोलीबाट सकुशल उद्धार गरिएको थियो ।

भदौ १९ गते नै नेपाली सेनाको हेलिकप्टरबाट काठमाडौँ छाउनीस्थित नेपाली सेना अस्पतालमा २१ दिन उपचार पछि डिस्चार्ज भई आफ्नो निवासमा फर्कनुभएको हो ।

कविर महर्जनलाई पाँगा ढोकासीबाट महाबो दाफा खलःबाट र स्थानीय जनताबाट स्वागत गरी बाजागाजासहित घर पुऱ्याएको थियो । घरमा बुबा नन्द महर्जन र आमा विजयलक्ष्मी महर्जनले पूजा गरी स्वागत गर्नुभएको थियो भने स्थानीयले पनि खादा र फूलको माला लगाई स्वागत गरेका थिए ।

कविर महर्जनले सुरुङभित्रबाट निस्कन खोज्दा ठूलो भेलले बगाएको र नौ तलामाथि जान सकेको कारण म सकुशल बाहिरिन सक्छु, भन्नुभयो । साथी र उद्धार टोलीबाट उद्धार गर्ने पूर्ण विश्वासका साथ मैलो पानीमात्र पिएर बाँच्न सकेको उहाँले बताउनुभयो ।

# गुरु गणेशमा साधारणसभासम्बन्धी भेला

भक्तपुर, १० असोज । गुरु गणेश बचत तथा ऋण सहकारी संस्था लि.को साधारणसभासम्बन्धी संयुक्त भेला भयो ।

भेलामा सल्लाहकार कृष्णभक्त लवजूले सहकारीको महत्त्व र आवश्यकताबारे चर्चा गर्नुभयो । उहाँले पदभन्दा कामलाई विशेष प्राथमिकता दिनुपर्ने, संस्थाको हितमा प्रभावकारी रूपमा काम गर्नसक्ने व्यक्तिलाई जिम्मेवारी र अधिकार हस्तान्तरण गर्नुपर्ने धारणा राख्नुभयो । अनावश्यक खर्चलाई न्यूनीकरण गरी सदस्य तथा समाजको हितमा बढीभन्दा बढी स्रोत परिचालन गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

सल्लाहकार काशिलाल प्रजापतिले साधारणसभासम्बन्धी विषयमा प्रकाश पार्दै साधारणसभाको प्रक्रिया तथा सदस्यहरूको सहभागिताको महत्त्वबारे जानकारी गराउनुभयो । सल्लाहकार रामकृष्ण प्रजापतिले साधारणसभा संस्थाको नीति, योजना, पारदर्शिता र सदस्यहरूको सहभागिताको दृष्टिले महत्त्वपूर्ण रहेको बताउँदै यसको आवश्यकता र भूमिकामाथि प्रकाश पार्नुभयो ।

कोषाध्यक्ष तुल्सीकेशरी प्रजापतिले संस्थाको आर्थिक प्रतिवेदन प्रस्तुत गर्दै संस्थाको आर्थिक अवस्था तथा गतिविधिबारे जानकारी गराउनुभयो ।

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्ष कृष्णराम कासिछ्वाले संस्थाको साधारणसभा असोज १७ गते ब्रह्मायणी पार्टी प्यालेसमा आयोजना हुने जानकारी गराउनुभयो । उहाँले संस्थाको प्रगति र समृद्धिका लागि सबैको निःस्वार्थ सहयोग, सक्रिय सहभागिता र सकारात्मक भूमिकाको अपेक्षा व्यक्त गर्नुभयो ।

कार्यक्रमको उद्घोषण सत्यराम झामरूले गर्नुभएको थियो । कार्यक्रममा रामकृष्ण लवजू चम्पा, झामरु बोहजू, सिद्धान्त प्रजापति र राजु बजिकोंले पनि बोल्नुभएको थियो ।

# देशको अवस्थाबारे उब्जिएका प्रश्न

- रास्वपाका सरकार प्रमुखले संयुक्त राष्ट्र सङ्घको महासभामा 'एउटा नयाँ राष्ट्रको आशा (the hopes of a young nation) बारे बोल्न चाहेको' उठाए । यो भनाइलाई कतिपय विश्लेषकले संसारको पुरानोमध्ये एक देश नेपाललाई रास्वपा सरकार राष्ट्रप्रमुखले विश्व मञ्चमा 'नयाँ राष्ट्र' बताएकोमा आपत्ति जनाए । रास्वपा सरकार प्रमुखको भनाइलाई केहीले 'युवाको देश' भनि अर्थ्याए । देश बालबालिका, युवा, ज्येष्ठ नागरिकहरूको साझा हो । कसरी 'युवाको देश' भन्न मिल्छ ? सारमा देश त नेपाली जनताको हो । भाषण रास्वपा सरकार प्रमुखले त वाचन गर्ने न हो, गल्ति त भाषण लेख्नेको हो, होइन र ? गोरखापत्र दैनिकमा प्रकाशित नेपाली अनुवाद त 'एउटा राष्ट्र' मात्र छ 'युवा' हटाइयो । के अङ्ग्रेजीमा बोलिसकेको शब्द नेपालीमा हट्छ र ? एउटा गल्ति ढाक्न के यो अर्को गल्ति हो ?
- रास्वपा सरकार प्रमुखको राष्ट्रसङ्घको भाषणमा उल्लेख छ - "नेपाल निष्पक्ष विश्वव्यापी आर्थिक व्यवस्थामा विश्वास गर्छ ।" यसको लागि पहिला नेपालमा निष्पक्ष आर्थिक व्यवस्थापन जरूरी हुन्छ । नेपालमा पक्षपात, भ्रष्टाचार, अनियमितता, ढिलासुस्ती व्याप्त छ । अनि विश्व मञ्चमा यो अपेक्षा कति उचित होला ? के पहिला आफ्नो देशमा लागू गरेर देखाउने होइन ?

**पूर्वजहरूको...**

बन्दसत्रमा निर्वाचन समितिका संयोजक न्हुछेराम भेलेको संयोजकत्वमा गठित निर्वाचन समितिले विद्यमान सञ्चालक समिति र लेखा समितिको कार्यकाल पूरा भएकोले ती समिति भङ्ग गरी निर्वाचन निर्देशिकाअनुसार प्रकाशित तालिकाबमोजिम उम्मेदवारी दर्ता गरेका सञ्चालक समिति र लेखा समितिका नयाँ पदाधिकारी निर्वाचित भएको घोषणा गरेको थियो ।

बन्दसत्रले निर्वाचन समितिको घोषणाअनुसार बलराम सिबन्जारको अध्यक्षतामा नयाँ सञ्चालक समिति र पुण्यराम भेलेको संयोजकत्वमा नयाँ लेखा समिति निर्वाचित गरेको थियो ।

# नारायणीको बाढी खतराको तह नजिक
## गण्डक ब्यारेजका सबै ढोका खुला

नवलपुर (नवलपरासी), १० असोज । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) हुँदै बग्ने नारायणी नदीमा आएको बाढी खतराको तहनजिक पुगेको छ । नारायणी नदीको देवघाटस्थित जलमापन केन्द्रका अनुसार आज दिउँसो ३ः०० बजे नदीमा पानीको सतह ८ दशमलव ९८ मिटर पुगेको छ ।

बाढीले देवघाटस्थित जलमापन केन्द्रमा पानीको सतह नौ मिटर पुगेपछि खतराको तह मानिन्छ । केन्द्रका अनुसार देवघाटमा पानीको सतह निरन्तर बढ्दो क्रममा रहेको छ । नदीमा ७ दशमलव ३ मिटर पानीको सतह पुग्दा चेतावनीको तह मानिन्छ ।

नदीले शुक्रबार राति नै चेतावनीको तह पार गरेको केन्द्रले जनाएको छ । नदीमा पानीको बहाव बढ्दो क्रममा रहेकाले नदीको तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको नवलपरासी (बर्दघाट-सुस्तापूर्व)का प्रमुख जिल्ला अधिकारी जगदीश्वर उपाध्यायले जानकारी दिनुभयो ।

त्यस्तै, बौदिकाली र बुलिङटार गाउँपालिका कालीगण्डकी नदीको बाढी तथा पहिराको जोखिममा रहेका भन्दै प्रजिअ उपाध्यायले प्रभावितलाई सुरक्षित स्थानमा राख्ने काम भएको बताउनुभयो । बाढी र पहिराबाट प्रभावितको उद्धार तथा राहतका लागि जिल्लाका सुरक्षा निकायलाई 'हाई अलर्ट'मा राखिएको उपाध्यायले जानकारी दिनुभयो ।

नवलपुरको त्रिवेणीस्थित नारायणी नदीमा निर्माण गरिएको गण्डक ब्यारेजका सबै ढोका खुला गरिएको छ । नारायणी नदीमा पानीको बहाव चेतवानीको तह पार गरेपछि ब्यारेजका ३६ वटै ढोका खुला गरिएको हो । इलाका प्रहरी कार्यालय त्रिवेणीका प्रमुख प्रहरी वरिष्ठ नायब निरीक्षक सुरेश पालले गण्डक ब्यारेज वाल्मीकि नगरलाई उद्दत गर्दै दिनुभएको जानकारीअनुसार हाल ब्यारेजमा पानीको सतह तीन लाख ४०० क्युसेक पुगेको छ ।

ब्यारेजमा पानीको सतह तीन लाख क्युसेक पुगेपछि चेतावनीको तह मानिने पालले बताउनुभयो । नारायणी नदीमा पानीको बहाव बढेपछि शुक्रबार रातिदेखि नै गण्डक ब्यारेजका सबै ढोका खुला गरिएको पालले जानकारी दिनुभयो । नदीमा बाढी आएसँगै नदीबाट निकालिएको नेपाल र भारततर्फको दुवै नहरमा पानी पूर्णरूपमा बन्द गरिएको पालको भनाइ छ ।

ब्यारेजमा पानीको सहत बढ्दै गरेको उल्लेख गर्दै पालले ब्यारेजको माथिल्लो पानीको सतह ३५९.२ फिट तथा तल्लो पानीको सतह ३५७.६ फिट पुगेको जानकारी दिनुभयो । ब्यारेजमा पानीको बहाव बढ्न थालेपछि सुस्ताको जमिन डुबानमा परेको भन्दै पालले बाढी प्रभावितलाई सुरक्षित स्थानमा लैजाने काम गरिएको जानकारी दिनुभयो । *(रासस)*

# नारायणी नदी पसेपछि सुस्ताका स्थानीयलाई सुरक्षित स्थानमा सारिँदै

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), १० असोज । पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका-५ सुस्तामा नारायणी नदी पसेपछि स्थानीयलाई सुरक्षित स्थानमा सार्न थालिएको छ । सुस्ता बस्तीमा पानी पस्न सुरु भएलगतै विपद् उद्धारका लागि सुरक्षाकर्मी परिचालन गरी स्थानीयलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सुरु गरिएको जिल्ला प्रशासन कार्यालय नवलपरासीले जनाएको छ ।

नारायणी नदीमा आएको बाढी सुस्ता पसेपछि सुस्ताका अधिकांश घर डुबानमा परेका सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जैसवालले बताउनुभएको छ । शुक्रबार दिउँसोदेखि लगातार परेको वर्षाले यहाँका १०० भन्दा बढी घर डुबानमा परेका उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ २२० परिवार बसोबास गर्दै आएका छन् । सुस्ताका थारू टोलमा सबैभन्दा पहिला बाढी पसेको उहाँले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालय नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपकराज नेपालले बाढी पसेका घरका नागरिकलाई सुस्तामा रहेको आश्रयस्थलमा राखिएको बताउनुभयो । नारायणी नदीमा पानीको सतह निरन्तर बढिरहेकाले महिला, बालबालिका, वृद्धवृद्धा तथा शारीरिक रूपमा कमजोर रहेकालाई नारायणी नदीवारि सुस्ता-५ मा रहेको बिपी मावि बलिनगरमा ल्याउने तयारी भइरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार यसका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना परिचालन गरिएको छ ।

अहिलेसम्म बाढीबाट डुबानमा परेका २९ जनालाई सशस्त्र प्रहरी बलले उद्धार गरी सुरक्षित स्थानमा पठाएको सशस्त्र प्रहरी बल नेपाल नं २६ गणका प्रमुख एवं प्रहरी उपरीक्षक गोविन्दबहादुर खातीले जानकारी दिनुभयो । बाढी पसेपछि पक्कीबाहेक कच्ची घर (खरपात तथा माटोले बनेका) मा क्षति बढी भएको सुस्ताका स्थानीय मुन्सीकुमार हरिजनले बताउनुभयो । नारायणी नदीमा यो वर्षकै सबैभन्दा ठूलो पानी आएको मापन गरिएको छ । गण्डक ब्यारेज वाल्मीकिनगरका अनुसार नारायणी नदीमा अहिले दुई लाख ८० हजार क्युसेक पानी पुगेको छ । *(रासस)*

# एसियाली खेलकुदमा शारीरिक सुगठनमा नेपाललाई स्वर्णपदक

काठमाडौँ, १० असोज । नेपालका शारीरिक सुगठन खेलाडी सगेन्द्र सिंहले बैंककमा जारी ५८ औं एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा स्वर्णपदक जित्नुभएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का अनुसार उहाँले पुरुष ७५ केजी तौल समूहमा उत्कृष्ट प्रदर्शन गर्दै स्वर्ण जित्नुभएको हो ।

सिंहको यो वर्षको दोस्रो अन्तर्राष्ट्रिय स्वर्ण पदक हो । यसअघि भुटानमा भएको १६औं दक्षिण एसियाली शारीरिक सुगठन च्याम्पियनसिपमा उहाँले ८० केजीतर्फ स्वर्णपदक जित्नुभएको थियो । उक्त प्रतियोगितामा नेपालले तीन स्वर्ण, तीन रजत र एक कास्यसहित सात पदक जितेको थियो । *(रासस)*



**सुरक्षित स्थानमा सारिँदै**
बिहीबार साँझदेखि परेको अविरल वर्षाका कारण शनिबार दिउँसो नारायणी नदीमा आएको बाढी नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को कावासोती-१७ अमलटारी गाउँमा पसेपछि डुबान प्रभावितहरूलाई सुरक्षित स्थानमा सार्दै सुरक्षाकर्मी । *तस्बिर: टेकराज पोखरेल/रासस*

# पछिल्लो २४ घण्टामा कास्कीको पञ्चासेमा सबैभन्दा बढी वर्षा

काठमाडौँ, १० असोज । पछिल्लो २४ घण्टामा कास्कीको पञ्चासे क्षेत्रमा सबैभन्दा बढी १८९ मिलिमिटर वर्षा भएको छ । जलविज्ञान तथा जलस्रोत अनुसन्धान केन्द्रका अनुसार पाल्पाको अर्चलेमा १७२ मिलिमिटर, गुल्मीको भार्सेमा १७० दशमलव आठ मिलिमिटर, म्याग्दीको कुहुनमा १६५ दशमलव दुई मिलिमिटर र दर्वाङमा १६१ मिलिमिटर वर्षा मापन भएको छ ।

अहिले कैलालीको भजनी र धनगढी विमानस्थल, म्याग्दीको बेनी, पर्वतको कार्कीनेटा, पाल्पाको अर्चले, स्याङ्जाको पाँचमूल वर्षा भइरहेको मापन केन्द्रले जनाएको छन् । वर्षाका कारण बाँके, म्याग्दी, पर्वत, लमजुङ, चितवन र भोजपुरका विभिन्न नदीनालामा जलसहत सतर्कता तह नजिक पुगेको छ । बाढी मापन केन्द्रका अनुसार बाँकेको किरन नाला नदी र म्याग्दीका मङ्गलघाटमा नदीले जलसहत सतर्कता तह पार गरेको छ ।

**देशभर अधिकांश बादल**

हाल देशभर मनसुनी वायुका साथै पश्चिमी वायुको पनि आंशिक प्रभाव रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । भारतको छत्तीसगढ तथा उत्तरपूर्वी मध्य प्रदेशमा रहेको न्यून चापीय प्रणाली हाल उत्तरपश्चिमतर्फ सर्दै भारतको दक्षिणपूर्वी उत्तर प्रदेशतर्फ जाने र आगामी १२ घण्टामा क्रमशः कमजोर भई न्यून चापीय क्षेत्रमा परिणात हुने सम्भावना रहेको महाशाखाले उल्लेख गरेको छ ।

आज बिहानैदेखि काठमाडौँ उपत्यकामा वर्षा रोकिएको छ । हाल उपत्यकासहित देशभर अधिकांश बादल लागेको छ । गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका धेरै स्थानमा तथा बागमती प्रदेशका केही स्थान साथै कोसी र मधेसको थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ ।

मधेस प्रदेश तथा बागमती, गण्डकी लुम्बिनी र सुदूरपश्चिम प्रदेशको तराई भू-भागका साथै बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशको पहाडी भू-भागका खोच तथा उपत्यकाको केही स्थानमा हावाहुरीको समेत सम्भावना रहेकोले ती क्षेत्रमा कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायात, उद्धार तथा राहतमा असर पर्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन विभागले आग्रह गरेको छ । *(रासस)*

# तेन्ह देशका लागि प्रस्तावित राजदूतविरुद्ध उजुरी/सूचना आह्वान

काठमाडौँ, १० असोज । नेपाल सरकारले १३ देशका लागि राजदूत पदमा नियुक्तिका लागि सिफारिस गरेका व्यक्तिहरूको सम्बन्धमा कुनै सूचना वा उजुरी भए प्रमाणसहित पेस गर्न संसदीय सुनुवाइ समितिले आह्वान गरेको छ ।

समितिले आज सार्वजनिक गरेको सूचनामा प्रस्तावित राजदूतका सम्बन्धमा कसैलाई नियुक्तिका लागि उपयुक्त छैन भन्ने लागेमा स्पष्ट आधार तथा सबुतप्रमाणसहित रीतपूर्वक उजुरी दिन सकिने जनाएको छ । सूचना पहिलोपटक प्रकाशित भएको मितिले १० दिनभित्र सङ्घीय संसद्‌को सचिवालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन सकिने व्यवस्था गरिएको संसदीय सुनुवाइ समितिले जनाएको छ ।

समितिले उजुरी गर्दा प्रस्तावित राजदूतको नाम, ठेगाना, पद तथा आफूले दिएको उजुरीको स्पष्ट आधार खुलाउन आग्रह गरेको छ । प्राप्त उजुरीमाथि आवश्यक प्रक्रिया पूरा गरी संसदीय सुनुवाइ गरिने सार्वजनिक सूचनामा जनाइएको छ ।

समितिको यही असोज ८ गतेको बैठकले सुनुवाइको प्रक्रिया सुरु गर्ने निर्णय गरेको थियो । मन्त्रिपरिषद्‌को असोज २ गतेको निर्णयअनुसार भारतका लागि डा. निश्चलनाथ पाण्डे, चीनका लागि डा. कल्याणराज शर्मा, संयुक्त राज्य अमेरिकाका लागि चिरनजङ्ग थापा, बेलायतका लागि गौरवशमशेर जङ्गबहादुर राणा र जर्मनीका लागि सरू जोशीलाई राजदूतमा सिफारिस गरिएको छ ।

त्यसैगरी इजरायलका लागि सुरेशकुमार कर्ण, स्पेनका लागि प्राप्ति शेरचन, जापानका लागि विज्ञानकुमार थापा, ओमानका लागि डा. पदमाक्षी राणा, मलेसियाका लागि चूडामणि खरेल, दक्षिण कोरियाका लागि प्राडा सङ्गम श्रेष्ठ, श्रीलङ्काका लागि डा. मञ्चलाकुमारी झा र साउदी अरेबियाका लागि गिरीबहादुर सुनारलाई सिफारिस गरिएको छ । संसदीय सुनुवाइपछि नियुक्तिको प्रक्रिया अघि बढ्ने समितिले जनाएको छ । *(रासस)*

# वर्षाले मुलुकभरका ११ राजमार्ग अवरुद्ध

काठमाडौँ, १० असोज । भारी वर्षाका कारण मुलुकभरका ११ वटा राजमार्गसहित विभिन्न खण्डका सडक अवरुद्ध भएका छन् । यही असोज ८ गतेदेखि भएको वर्षाका कारण बाढी तथा पहिरो जाँदा पृथ्वीराजमार्गसहित मुलुकभरका ११ वटा राजमार्गसहित विभिन्न खण्डको सडक अवरुद्ध भएका सडक विभागले आजएक सूचना जारी गरी जनाएको छ ।

पृथ्वीराजमार्गको कृष्णभीर, चौकीभीर, जवाङखोला, फिस्लिङलगायत सडकखण्ड अवरुद्ध भएका छने । सो खण्ड अवरुद्ध हुँदा मुलुकका विभिन्न स्थानबाट देशको राजधानी काठमाडौँ आउने सवारीसाधन प्रभावित भएका छन् । लगातारको वर्षाका कारण रातिको समय र जोखिम मानिएका स्थानमा दिउँसो पनि यातायात सञ्चालनमा रोक लगाइएको विभागले जनाएको छ ।

सडक विभागका अनुसार विभिन्न स्थानमा पहिरो पन्छाउने काम भइरहेको जनाएको छ । त्यसैगरी बिपी राजमार्गको माम्ती, पिप्ले, दाउन्ने-कालोपुल, चारसयबेंसी, कटुन्जे, चौकीडाँडालगायत खण्ड अवरुद्ध भएका छन् ।

कान्ति राजमार्गको चपली, तकुर्चेलगायत खण्डमा पनि आंशिक रूपमा प्रभावित भइरहेको छ । मकवानपुर खण्डमा भने पहिरो पन्छाएर यातायात सञ्चालनमा आएको विभागले सूचनामार्फत जनाएको छ । सिद्धिचरण राजमार्गको ओखलढुङ्गा-सलेरीखण्ड, सोलुखोला नजिकलगायत खण्डमा पनि अवरुद्ध भएका छन् । सो खण्डमा सडक भासिएकाले एक्जाभेटर, हिवल लोडरलगायत उपकरण परिचालन गरेर सञ्चालन ल्याउने प्रयास भइरहेको छ ।

मध्यपहाडी राजमार्गको पनि निसी गाउँपालिका-कानाबगरलगायत खण्ड पनि अवरुद्ध भएको छ । सो खण्डमा लेदोसहितको पहिरो आउने क्रम पनि जारी छ । त्यसैगरी, कालीगण्डकी करिडोरको पनि जैमिनी नगरपलिका-८ बेलबगर सडक पनि अवरुद्ध छ । सो खण्डमा ठूलो प्रकृतिको पहिरो गएकाले पनि हटाउने कार्य भइरहेको सडक विभागले जनाएको छ । त्यसैगरी, बागलुङ-बेनी राजमार्ग खण्डको पनि म्यादी, हुलाकेलगायत खण्ड पनि सडक अवरुद्ध भएका छन् ।

सडक विभागका अनुसार तमोर कोरिडोरको छुरुवाखोला, नावाखोला, रानीगाउँलगायत खण्डमा पनि सडक अवरुद्ध छ । राप्ती राजमार्गको पनि कपुरकोट-खारखोला खण्डको सडक अवरुद्ध छ । कर्णाली राजमार्गको गगनेखोला, नाग्म-जुम्लाको राँका क्षेत्र-बाङ्गेसिमल-दहीखोला तथा हारे नजिक खण्ड पनि अवरुद्ध छ । भालुवाङ-चकचके-लिवाङ सडकखण्डको पनि विभिन्न क्षेत्रमा सडक अवरुद्ध रहेको छ । *(रासस)*

। सम्पादकीय ।

# हिमपहिरोपछि अविरल वर्षाबाट पीडित नेपाली

असोज ८ गतेदेखि देशभरि परेको अविरल वर्षयता काठमाडौँ उपत्यकाका वाग्मती, विष्णुमती, धोबीखोला, मनोहरा, कोड्कु, कर्मनासलगायत नदीमा पानीको सतह बढ्यो । काठमाडौँ उपत्यका भूकम्पीय जोखिम क्षेत्रमा पनि परेको र यहाँको जमिन भारी संरचना सडक, पुल, भवन थेग्न नसक्ने भएको विज्ञहरूले बताएका छन् । सडक कालोपत्र, पुल डन्डी-सिमेन्ट र ढुङ्गा, घर पनि सिमेन्ट, ढुङ्गा, डण्डीबाट निर्माण गरिँदा वर्षाको पानी सतहमै बगेर नदीको बहाव बढेको पनि विज्ञहरूको मत छ । काठमाडौँ उपत्यकामा बसाइँसराइ बढाइएको हुँदा सडक, पुल, भवन निर्माण पनि बढिरहेको हो । पैँतीस वर्षयताका सरकारहरूमा देशको सन्तुलित विकासतर्फ सोच नहुँदा केही सहरमा मात्र बसाइँसराइ बढेको र सोहीबमोजिम खानेपानी, फोहरमैला, प्रदूषण, सडक जाम, अपराधसमेत बढिरहेको छ ।

जनसङ्ख्याकेन्द्रित गरिएको सङ्घीय राजधानी काठमाडौँसँग जिल्ला जिल्ला जोडिने सडकहरू अविरल वर्षासँगै अवरूद्ध पनि भइरहेका छन् । पृथ्वी राजमार्ग, शान्ति राजमार्ग, नारायणगढ-मुग्लिन सडक खण्ड अवरूद्धजस्तै हुँदा काठमाडौँ उपत्यकामा महँगी बढेको छ । यसले काठमाडौँमा बसाइँसराइ बढाइएको गलत साबित भइरहेको छ । गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको हिमपहिरोयता धादिङको कृष्णभिरलगायत पृथ्वी राजमार्गका विभिन्न स्थानमा पहिरो खसेपछि काठमाडौँ उपत्यकामा थप महँगी बढेको सरकारले नियन्त्रण गर्न सकेन ।

यसपटकको अविरल वर्षाले हवाई उडानसमेत बन्द हुनुका साथै कतिपय जिल्लामा विद्यालय पनि बन्द भएका छन् । काभ्रेको बीपी राजमार्ग अवरूद्ध भएको, नमोबुद्ध-६ चौकीडाँडा, रोशी-७ स्थित चारसय वेशी, रोशी-८ गिम्दीवेसी र रोशी-११ माम्ली क्षेत्रमा पहिरो खसेको सार्वजनिक भयो । रोशी खोलामा पहिले पनि बरोबर पहिरो र बाढी आइरहेको हो । रसुवा पासाङल्हामु राजमार्ग बाढीले क्षति पुऱ्याएको कारण पूर्णरूपमा अवरूद्ध भएको सार्वजनिक भयो । यी जोखिम क्षेत्रहरूमा सम्भावित जनधनको क्षति रोक्ने पूर्वउपायतर्फ सरकारको सचेतता देखिएन ।

लगातारको वर्षाले हिमाली क्षेत्रमा हिमपात हुनुका साथै लामो दूरीका बस बन्द भइरहेको छ । मुस्ताङको ४ हजार ६ सय १० मिटर उचाइमा रहेको कोरला नाकामा यतिबेला बेमौसमी हिमपात भएको सार्वजनिक भयो । भारतले यहीबेला उत्तराखण्डस्थित धौलीगङ्गा जलविद्युत् आयोजनाको बाँध खोल्ने सार्वजनिक गऱ्यो । यसले महाकाली नदीमा बहाव बढ्ने र दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुरका तटीय क्षेत्रका बासिन्दालाई जोखिम बढ्नेछ । यसतर्फ पनि सरकार सचेत हुनु जरूरी छ ।

रसुवाको भोटेकोसी हिमपहिरोबाट पीडित नुवाकोटमा अस्थायी टहरामा बस्दै आएका परिवार अहिलेको निरन्तर वर्षामा थप पीडित छन् । भोटेकोसी हिमपहिरो पीडित जनताको पुन:स्थापनाको लागि करिब चार खर्ब रुपैयाँ आवश्यक हुने सार्वजनिक भयो । यतिखेर नेपाली जनता महँगी, बेरोजगारी, भ्रष्टाचार, सार्वजनिक ऋणको पीडामा छन् । गत वर्ष भदौ २३ र २४ गतेको उपद्रव यता नेपाली जनता सङ्कटमा छन् । यसकारण जनता थप सचेत हुनु जरूरी छ ।

# देशको क्रान्तिकारी सङ्घर्षबाट पनि सिक्नु आवश्यक छ

**प्रिय बहिनी स्नेही,**

मैले समयमै तिम्रो साथीबाट पत्र प्राप्त गरेँ । तिमीले हाम्रो पुरानो क्षेत्र छोडेर नयाँ क्षेत्र रोज्यौ र भन्यौ, "मानिस विचारशील प्राणी भएकोले होला, 'पुरानो विचार छोडेर नयाँ विचारमा आउने र जाने व्यक्तिहरूको समाजमा कमी छैन ।"

हो, तिमीले देखेकै र भोगेकै कुरा बोल्यौ, कुरा नलुकाई यथार्थ कुरा बोल्यौ राम्रो हो, फेरि तिमी सङ्गठनको भइनसकेको र समर्थकमात्र भएको हुँदा नियमका धेरै कुरा थाहा पनि त थिएन होला !

अब म यसबारे तिम्रा अन्य साथीहरूलाई पनि सच्चाइ के हो र व्यवहार कस्तो हुनुपर्ने हो भन्नेबारे केही उदाहरणहरूबाट म सचेत पार्ने कोसिस गर्छु ।

तिमीलाई साथीहरूले साथ छोड्ने कुरा भइरहँदा चित्त दुखाएर भनेकी थियौ, "हुन्छ, दाइहरूलाई धन्यवाद छ- ' पाले पुण्य र मारे पाप लाग्छ' भन्ने उखानले दाइहरू फस्के र असमझदारीलाई फुकाउने कोसिस गरी तिम्रो चित्त दुखाइमा मलमपट्टि लाग्यो ।

तर, चुरो कुरो के हो भने तिमीले अर्कै निर्णय लिने पाइला लिइसकेकी थियौ । ती सब कुरा बुझेर पनि दाइहरूले तिम्रो चित्त दुखाइ एक मानवीय स्वभाव सम्झेर शिक्षा फाँटमा तिमीलाई निरन्तरता दिए र तिमीबाट छात्र-छात्राहरूले पनि एक-दुई वर्षको थप नयाँ नयाँ पाठ सिक्ने अवसर पाए ।

तिमीले पत्रमा प्रजातन्त्रमा व्यक्तिगत इच्छा र भावनाका विषयलाई बढी जोड दिएको बारे एक दुई घटना बताउन चाहन्छु -

देशको संसदीय निर्वाचनको हरेक कानुनी सङ्घर्षमा शासक दलहरूका उम्मेदवारहरूको तर्फबाट खाममा केही रकम, खानेकुरा, कुर्ता, फरिया र चोलो, घरको निम्ति ग्यासको सिलिन्डरसमेत बाँडेको देखिए । कति आर्थिक र राजनैतिक रूपले सचेत नभइसकेका दिदी-बहिनी र दाजुभाइहरूले चिट्ठी पाएसरह खुसी भएर लिए । तर, सच्चाइ के हो भने दिने र लिने दुवैले निर्वाचन नियमावलीविपरीत अपराध गरेको साबित हुन्छ । मुद्दा नचले पनि नैतिक अपराधबाट तिनीहरू कोही जोगिने कुरै भएन ।

तिमीले भन्ने छौ- धर्ममा त अब लेनदेन र उपचार, घर खर्च आदिको बन्दोबस्त भइरहेको छ भने बरोबर भइआएको निर्वाचन तमासामा के फरक पऱ्यो र ?!

बहिनी स्नेही, तिम्रो नामले नै तिमीलाई उत्तरमा दिने शब्दहरू आफै नरम भइदिँदा म आफै लाचार हुन्छु किनभने सम्भवत: तिमीले नेपालमा क्रिश्चियन धर्म प्रचारबारे भन्न खोजेकी हौली !

यी सब शताब्दी पुरानो विषय भयो । यसकारण, संसारमा धर्मको नाममा धेरै युद्ध भए अर्थात् धेरै धनजनको क्षति भयो । इजरायल र प्यालेस्टिनीहरूको झगडामा लाखौँ मानिस मारिए र 'गाजा' क्षेत्रमा महिला र स-साना नानीहरू प्यालेस्टिनी जनसङ्ख्या नबढोस् भन्ने उद्देश्यले गरिएको यो एक क्रुरताको उदाहरण हो । यो मानव सभ्यतामाथि एक ठुलो व्यङ्ग्य हो । हामी आशा गरौँ- समयले धर्मको नाममा क्रुरता र असभ्यताको प्रवृत्ति घट्दै जानेछ- कारण संसारमा त्यसको व्यापक विरोध हुँदै छ ।

तर, राजनीतिमा त्यसको महत्त्व अझ बढी हुन्छ; राजनीतिको अर्थ शासन गर्ने शैली र उद्देश्यसँग सम्बन्धित विषय हो । यसकारण, यसमा कुनै पनि प्रकारको अनैतिक वा पैसा र समाजको लेनदेन गरेर वा जात-धर्म-नातागोता तथा डर र धम्की दिएर प्रभाव पार्नु अपराध थियो । हिजो जेनजी (नयाँ पुस्ता) को आन्दोलन भनी खुब प्रचार भइरहेकै बेला संरा अमेरिकी प्रचार यन्त्रहरूबाटै 'अमेरिकी गुप्तचर विभागको रकम बाँडेर केही वर्षदेखि नेपाली युवाहरूलाई' २०८२ को भदौ २३ र २४ गतेको विध्वंश गराउने नियोजित भन्ने कुरा नेपाल र नेपाली जनतामाथि आक्रमण भएको प्रस्ट भयो । नेपालका पुराना शासक दलहरूको नालायकीपनको पनि उदाङ्गो भयो ।

बहिनी स्नेही, हिजो अस्तिकै जस्ता केही घटना सुनाउँदै छु - दुई विषयमा आचार्य (मास्टर) उत्तीर्ण गरेका एक माध्यमिक विद्यालयका प्राचार्य स्वयम् एक सङ्गठनका नाइके थिए । जेलमा उनले रोएर 'अबदेखि त्यो दलको गतिविधिमा लाग्ने छैन' भनी कागज लेखेर छुटे तथा सबै कागजात र सामान फर्काएर सरकारको चरम दमनको बेला ।

त्यस अपराधपछि उनको शिर कहिले ठाडो भएन र आफ्ना नातागोता र छोराछोरीले पनि थाहा पाए- आफ्ना बुबाको आफ्नो सङ्गठनप्रतिको विश्वासघात' बारे ।

केही वर्षमै उनी हिनताबोध र अपराधबोधले मृत्युशय्यामा छटपटाइरहे र अमेरिकामा काम गरिरहेका छोरालाई तुरुन्त आउन तार गऱ्यो । तर, छोराले प्रस्ट भाषामा आफू आउन नमिल्ने र सम्पत्तिको भाग सुरक्षित राख्न फोन गऱ्यो । उनका बुबा पश्चातापले छटपटिएर मरे ।

प्रिय बहिनी, हामी जुनसुकै पेसा वा सङ्गठनमा लागे पनि बुझेर तथा इमानदारीपूर्वक लागौँ र कर्तव्यप्रति समर्पित रहौँ । यसले मन चङ्गा रहने मात्र होइन, समाजमा आफूले पूरा गरेको कर्तव्यको कारण गौरवको पनि अनुभव भित्रभित्रै हुँदै जानेछ । सङ्गठनप्रति इमानदारी र कर्तव्यप्रतिको निष्ठा नै कुनै व्यक्तिको भित्री गुण वा व्यक्तित्व हो ।

यसकारण, बहिनी म केही यस्ता उदाहरण दिँदै छु - दोस्रो विश्व युद्धको हाराहारीमा क्यानाडाका एक शल्यक्रियाका डाक्टर (सर्जन) नर्मन बेथुन स्पेनको न्यायोचित गृहयुद्धको हारपछि उनले जापानी फासीवादले चीनमाथि गरेको आक्रमणको क्रुरताको विरोधमा चिनियाँ जनताको मुक्तिको पक्षमा आफूलाई समर्पित गरे । प्रजातन्त्र र शान्तिका विरोधी एवं नरसंहार मन पराउने फासीवादी जापानको आक्रमण बढ्दै जाँदा चिनियाँ मुक्तिसेनाले डा. बेथुनले हात समातेर भगाउन चाहे, विदेशी ठाउँमा अर्थात् डा. बेथुनलाई सुरक्षित ठाउँमा लैजान खोजे- माथिको आदेशअनुसार !

तर, डाक्टरले अडान लिँदै भने, "डाक्टरले रोगी छोड्दैन, डाक्टर रोगीको निम्ति हो ।" सो अडानले चिनियाँ मुक्तिसेना बाध्य भएर सबै रोगीहरूलाई सुरक्षित क्षेत्रमा सार्न लगाए र डाक्टरले नयाँ क्षेत्रलाई पनि अस्पतालको रूप दिन र घाइतेहरूको सेवा चालू राख्दै भने, "मलाई सेनाको बन्दुकजस्तै काममा लाग्नु, मग्ग चेत भएसम्म म चिरफारको काम गर्छु ।" बम वर्षाले अचानक उनको हातमा अपरेसनको चक्कुले घाउ लाग्यो र घाउको त्यहाँ उपचार गर्न नसक्ने हुँदा उनले अन्तिम दमसम्म घाइतेहरूको सेवा गर्दै गए । घाइते सिपाहीँहरू भन्दै थिए, "डा. बेथुन हामी पुन: लडाइँको मोर्चामा गएर तपाईँलाई सघाउने छौँ ।"

त्यही जापानविरोधी लडाइँमा द्वारिकानाथ कोटनिस नामको भारतीय डाक्टरले आफ्नो घाइते रोगीहरू थरथर काम्दै मरेको हेर्दा ती रोगीहरूको उपचारको निम्ति रोगको निदान गर्न उनले आफ्नो हातमा घाउ गरी रोगीको रोगको किटाणु सारी रोगको नाम र उपचारबारे लेखेर मरे । आफ्ना रोगीहरूको उपचारको निम्ति कोटनिसले आफूलाई समर्पित गरे आफू आफ्ना जहानलाई थाहै नदिई !

संसारमा यस्ता रोगीहरूप्रति समर्पित डाक्टरहरू धेरै छन् र अझै यस्ता धेरै डाक्टरको आवश्यकता छ ।

बहिनी स्नेही, अब म भारतीय गरिब किसान जनतामाथि सामन्तवर्गले गरेको शोषण र अन्यायको सङ्घर्ष गर्ने 'नक्सलवादी आन्दोलन' मा केही किसान विद्रोहीहरूलाई सरकारले ज्यान सजाय गऱ्यो । सरकारले राष्ट्रपतिसँग माफी मागेमा छोड्ने आश्वासन दियो । तर, तिनीहरू पुँजीवादी व्यवस्थाको अगाडि झुक्न अस्वीकार गरे ।

अन्तमा, उनको ज्यान सजायभन्दा पहिले एक पत्रकारले एक किसान क्रान्तिकारीसँग सोध्यो, "तिम्रो अन्तिम इच्छा के हो ?"

"मेरो आँखा एक गरिब किसानलाई दिन चाहन्छु ।"

पत्रकारले सोध्यो, "किन ? बहादुर क्रान्तिकारी किसानले मर्नु अगाडि उत्तर दिए- मेरो देशमा कहिल्यै समाजवाद देख्न पाइनँ, तर एक गरिब किसानको आँखाले समाजवाद हेरेको चाहन्छु ।" अरु पनि भारतका अनेक किसानहरू क्रान्तिको निम्ति लड्दै छन् ।

नागभुषण पटनायक दक्षिण भारतका एक चर्चित वकिल थिए । उनी गरिब किसानहरूको पक्षमा जमिनदारहरूको अन्यायपूर्ण अदालतको हरेक मुद्दालाई हारमा तुहाई दिन्थे आफ्नो समर्पण र योग्यताले । उनको हत्याको निम्ति जमिनदारहरू वर्षौँदेखि लागेका थिए । वकिल पक्राउ परे तर उनलाई थाहै भएन । पक्राउपछि उसलाई नै दोषी ठहऱ्याउन सयौँ मुद्दा दर्ता गरे - जमिनदारहरूले ।

सारा जनतालाई थाहा थियो - मुद्दा षड्यन्त्रबाहेक केही थिएन, तर पनि उनलाई पनि ज्यान सजाय सुनायो भारत सरकारले । इन्दिरा गान्धीको सरकार थियो ।

छोरीको विवाह हुँदै थियो - कारागारमा बुबालाई आफ्नो 'कन्यादान' को निम्ति राष्ट्रपतिसँग कन्यादानमा जान केही दिन निगरानीमा घर जान बिन्तीपत्र लेख्ने उपाय बताइन् ।

बुबाले छोरीलाई माया गरेर सोधे, "छोरी के तिम्रो कन्यादानको निम्ति तिमी मलाई पुँजीवादी सरकारसँग भुकाउन चाहन्छौ ?" छोरीले उत्तर दिइन्, "होइन बुबा मेरो त्यस्तो आशय होइन ।"

कन्यादानको काम आफ्नो परम्पराअनुसार टुङ्ग्याएको केही महिनापछि मुद्दा फिर्ता लिएर नागभुषण पटनायक जेलबाट रिहा गर्न भारत सरकार बाध्य भयो । झुटा मुद्दाहरू खारेज हुँदै आखिर सबै क्रान्तिकारी राजबन्दीहरू छोड्न सरकार बाध्य भयो ।

बहिनी स्नेही,

देश विदेशका सङ्घर्षका शिक्षाहरूबाट एक देशबाट अर्को देशमा सिक्ने परम्परा चालू छ । यसकारण, हामीले आफ्नै देशको क्रान्तिकारी सङ्घर्षबाट पनि सिक्नु आवश्यक छ । पत्र अरु साथीहरूलाई पनि देखाउनू ।

***माया गर्ने दाजु***

# साम्राज्यवादी नीतिको विरोध विश्वभर फैलिँदै

साम्राज्यवादी, विस्तारवादी र प्रतिक्रियावादीहरू समाजवादका निम्ति सङ्घर्षरत कम्युनिस्ट पार्टी र पार्टीको सरकारलाई मात्र होइन, साम्राज्यवाद र विस्तारवादविरोधीहरूलाई पनि हेर्न चाहँदैनन् । उनीहरूको प्रगति र विकासमा बाधा हाल्न, उनीहरूबिच आन्तरिक द्वन्द्व बढाउन साम्राज्यवादीहरू अनेक चलखेल गर्छन्, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्संस्था प्रयोग गर्छन्, विकास र आर्थिक सहयोगको लोभ देखाउँछन् । तर, साम्राज्यवादी र प्रतिक्रियावादीहरूले इतिहासको प्रवाहलाई रोक्न सक्दैनन्, क्रान्तिकारी, देशभक्त र शान्तिकामी जनताको हृदयलाई परिवर्तन गर्न सक्दैनन् । विश्वका क्रान्तिकारी पार्टी र जनताको सङ्घर्षमार्फत आखिर देशमा समाजवाद स्थापना हुनेछ । यस कार्यमा प्रजातान्त्रिक जनगणतन्त्र कोरिया लागिपरेको छ ।

जुछे विचारधारा समाजवादको वैचारिक आधार हो । यो क्रान्ति एवं निर्माणको एकमात्र मार्गनिर्देशक सिद्धान्त हो । समाजवाद जनताको माग हो, जुच्छे विचारधारा समाजवादको आधार हो । प्रजग कोरियाका महान् नेता किम इल सङले समाजवादी विचारधाराको प्रवर्तन गर्नुभयो । यसलाई उहाँले दृढताका साथ आत्मसात गर्दै क्रान्ति एवं निर्माणको नेतृत्व गर्नुभयो । समाजवाद र समाजवादी विचारलाई व्यवहारमा लागू गर्न समाजवादी पक्षधरहरूले साम्राज्यवाद, विस्तारवाद र उपनिवेशवादको विरोध गर्नैपर्छ, श्रमिक जनतामा समाजवादी व्यवस्था, समाजवादी विचार तथा मूल्य र मान्यताको कुरा पुऱ्याउनुपर्छ ।

साम्राज्यवादीहरू संसारका मुलुकलाई आफ्नो मुठीमा राख्न चाहन्छन् । मुठीमा राख्न अनेक जाल रच्छन्, भूमिका बाँड्छन् र गोटी चाल्छन् । देशभित्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घसंस्था छिर्छन् । समाजवादी देश र समाजवादी पक्षधर दल तथा दलका नेताहरूलाई साम्राज्यवादीहरू निरङ्कुश ठान्छन्, हकुमी शासन चलाउने भनी लाञ्छना लगाउँछन् । यो उनीहरूको अतार्किक र सैद्धान्तिक आधाररहित मिथ्या हो । यसरी समाजवादको विरोधमा लागेका मिथ्या राजनीतिबारे जनतालाई सुसूचित पार्न प्रचार-प्रसार गर्नुपर्छ । प्रचार-प्रसार गर्ने एक भरपर्दो आधार सञ्चार क्षेत्र पनि हो । कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता, कम्युनिस्ट पार्टीप्रति आबद्ध लेखक, सञ्चारकर्मी तथा राजनीतिक विश्लेषकहरूले विभिन्न पत्रिकाको माध्यमबाट लेख-रचना छापिरहनुपर्छ, साहित्यिक गतिविधि गरिरहनुपर्छ । राजनीतिक गतिविधि गर्नु त धर्म नै भयो ।

यसबारे प्रजग कोरिया सचेत छ । प्रजग कोरियाले समाजवादी क्रान्ति तथा समाजवादी निर्माणको लागि विचारधारात्मक, प्राविधिक तथा सांस्कृतिक क्रान्ति गर्नुपर्ने अवधारणा ल्याएको थियो । त्यही अवधारणा कार्यान्वयन गर्न प्रजग कोरिया लागिरहेको हो । समाजवादप्रति लगाइएका झुटा कुराको खण्डन गर्दै समाजवादी पक्षधरहरू अग्रसर हुनुपर्छ । मार्क्स, एङ्गेल्स र लेनिनले मानवहितका लागि गरेका महान् कार्यलाई आत्मसात् गरी सम्मान गर्नुपर्छ । मार्क्सवाद र लेनिनवादको सिर्जनाले गर्दा समाजवादी सिद्धान्त कल्पनाबाट विज्ञानमा विकसित भयो र श्रमिकवर्ग इतिहासमा पहिलोपल्ट एउटा मार्गनिर्देशक विचारधारा प्राप्त गर्न सफल भयो । हामीले जनतालाई मार्क्सवाद-लेनिनवादबारे सही ज्ञान दिन र यो विचारधारा नमान्ने साम्राज्यवादी, विस्तारवादी, उपनिवेशवादी र पुँजीवादीहरूको आक्रमण, थिचोमिचो, शोषण, दमन तथा जनविरोधी नियम सबै जनतासामु उदाङ्ग्याउनुपर्छ ।

अहिले पनि साम्राज्यवादीहरू अन्य स्वतन्त्र तथा सार्वभौम देशमा आक्रमण गरेर ध्वस्त पार्ने चेतावनी दिँदै छन् । देशलाई ध्वस्त पार्ने, भौतिक संरचना नष्ट गर्ने र त्यहाँ रहेका प्राकृतिक स्रोत, साधन तथा पेट्रोल खानीहरू आफ्नो कब्जामा राख्ने धृष्टता गर्दै छन् । अमेरिकाले भेनेजुयलामा त्यस्तै आक्रमण गरेर राष्ट्रपतिलाई पक्राउ गरी तेल खानी आफ्नो हातमा लिँदै छ । यसरी नै पहिले अमेरिकाकै नेतृत्वमा इराकमा आक्रमण भएको थियो । त्यहाँ राष्ट्रपति सद्दाम हुसेनलाई फाँसी दिइएको थियो । सिरिया र लिबियामा त्यस्तै गरिएको थियो । साम्राज्यवादी देशहरूको यस्तै अहङ्कार, छेलोखेलो र आक्रमणका कारण साम्राज्यवादी देशविरुद्ध विश्वमा जनमत बढेको हो । विश्वका जनताले त्यस नीतिको विरोध गरेका छन्, विरोध गर्दै छन् । यही कारण साम्राज्यवादी देशहरू विश्वमा उदाङ्गिँदै छन् । साम्राज्यवादी देश अमेरिका विश्वबाट एक्लिँदै छ ।

# विल्फ्रेड ग्राहम बर्चेट (सन् १९११–१५८३) को सङ्क्षिप्त चर्चा

विल्फ्रेड ग्राहम बर्चेट (Wilfred Graham Burchett) दक्षिण-पूर्वी एसिया, खास गरेर हिन्द-चीनको स्थितिको सच्चाइ संसारलाई बताउने पहिलो पत्रकार हुन् । सन् १९५७ मा प्रकाशित 'मेकोङको जागरण' (Mekong Upstream) का लेखक र सन् १९७२ मा प्रकाशित राजकुमार नरोदम सिंहानोकको 'अमेरिकी केन्द्रीय गुप्तचर विभागसँग मेरो युद्ध' ( My War With The CIA) का सहयोगी विल्फ्रेड बर्चेट एक चर्चित र सङ्घर्षशील पत्रकार हुन् । उनको 'विद्रोही पत्रकार' भन्ने आत्मकथाका भूमिका-लेखक निक शिम्मिन (Nick Shimmin) को भनाइमा 'अस्ट्रेलियाको सबभन्दा राम्रो पत्रकार र संसारका अहिलेसम्मका सबभन्दा राम्रा विदेश संवाददाताहरूमध्ये एक हुन् । बेलायती विद्वान् बर्ट्रेकन्ड रसेल (Bertrand Russel) को भनाइमा उनी समकालीन इतिहासकार र अति सचेत पत्रकार हुन् ।

सन् १९६६ मा 'दक्षिण भियतनामको मुक्त इलाकाहरूमा मेरो यात्रा' (My visit to the Liberated Zones of South Vietnam) र सन् १९७४ मा स्वीडेनको स्टकहोम (Stockholm–Sweden) मा अस्ट्रेलियाका एक लेखक र पत्रकारको रूपमा विदेश नीति बारेमा स्वीडेनेली समाज (The Swedish Society for Foriegn Policy) द्वारा आयोजित 'कोरिया कोरियालीहरूको' ( Korea for Koreans) भन्ने एक गोष्ठीमा विल्फ्रेड पर्चेटले दिएको प्रवचन 'कोरियाको राष्ट्रिय अधिकारको लागि सङ्घर्ष' (The struggle for Korea's national rights) अत्यन्त स्मरणीय छ ।

सन् १८७६ तिरै बर्चेटका हजुरबुबा बेलायतबाट अस्ट्रेलिया बसाइँ सरेका थिए । उनले अस्ट्रेलियाको पूयोङ (Pooyong) नजिकको दक्षिण-पूर्वी गिप्सल्यान्ड ( Gippsland) को ३२० एकड झाडी भूमि लिएका थिए ।

विल्फ्रेड ग्राहम बर्चेट (Wilfred Graham Burchett) को जन्म सन् १६ सेप्टेम्बर १९११ मा अस्ट्रेलियाको मेलबर्नमा जर्ज (George) र मेरी बर्चेट (Mary Burchett) बाट भएको थियो । ब्वा जर्ज बर्चेट सन् १९२० तिरका वास्तुकलाविद् (Architect) थिए र आफै सिकर्मी हुँदा स्थानीय सामग्रीबाटै अस्ट्रेलियामा आफ्नै ढङ्गको पहिलो घर बनाएका थिए । तर, काकाको फोक्सोको रोग (Pneumonia) र दिदीको हाडको क्यान्सर (Sarcoma) को कारण उनमा धेरै आर्थिक बोझ पर्‍यो । बाली बिग्रनु र आगलागीको कारण ठुलो क्षति भई बर्चेट परिवार आर्थिक रूपले टाट पल्ट्यो र सम्पत्ति लिलाम भयो । सानोमा उनको अध्ययन राम्ररी चलेको थियो । विशेष कारणले उनले विद्यालय छोडी अरूको कृषि मजदुर भएर पनि काम गरे ।

सन् १९२९ तिर आर्थिक मन्दी वा विश्व आर्थिक सङ्कट सुरु भयो । विल्फ्रेड परिवारलाई बोझ नदिने उद्देश्यले उनी अस्ट्रेलियाको उत्तरतिर लागे र उखु खेती र चिनी कारखानामा काम गरे । आफ्नो घर पुयोङको खेतबारी आफ्नै नातेदारले लिए । उनका बुबा जर्ज एक राष्ट्रवादी र रुढीवादी भएको हुँदा एउटा राजनैतिक पार्टीमा लागेर मेलबर्नका बुद्धिजीवीहरूलाई समेत निमन्त्रणा गरेर छलफल गर्ने गर्थे । कामबाट फुर्सद पाएपछि विल्फ्रेडले आफ्नो स्व-अध्ययनलाई चालू राखे । विदेशी भाषाहरू पढेपछि उनले पत्रकारिताको अध्ययनमा आफ्नो मन लगाए । १८-२० वर्षका युवा विल्फ्रेड उखुबारी र मिलमा काम गर्ने मजदुरहरूको मेहनत, अडान, एकता र सङ्घर्षशीलताबाट अति प्रभावित भए । उनले थाहा पाए-सङ्गठन र एकताले अनेक सफलता प्राप्त हुन्छ ।

सन् १९३४ को कुरा हो । युरोपमा फासीवादीहरू अगाडि बढ्दै थिए । युद्ध र फासीवादको विरोधमा प्रचार गर्न इगोन किस्च (Egon Kisch) भन्ने एक चेकाली लेखक अस्ट्रेलिया पुगेका थिए । अस्ट्रेलियाको गृहमन्त्री मेन्जीस ( Menzies) अस्ट्रेलियामा फासीवादविरोधी गतिविधि गर्न नदिने जिद्दी गर्दै थिए । उनको भनाइ थियो- अस्ट्रेलियाली राष्ट्रमण्डलको भूमिमा फासीवादविरोधीलाई पाइला टेक्न दिइने छैन । इगोन किस्चको राहदानी र गुन्टा सीड्नीमै जफत गरियो । जहाज मेलबर्न रमाना भयो ।

मेलबर्न (Melbourne) मा इगोन किस्च जहाजबाट हाम फाले । उनको खुट्टा भाँचियो । हो-हल्लामा उनलाई फेरि जबरजस्ती जहाजमा राखियो । जहाज सीड्नी (Sydney) पुग्यो । त्यहाँ उनलाई खुट्टाको उपचार वा सिमेन्टी हाल्न लगियो । गैर-कानुनी ढङ्गले त्यस देशमा प्रवेश गरेको हुँदा उनी पक्राउ परे । अपिल गरेपछि धरौटीमा छोडियो र पछि अदालतमा पठाइयो ।

किस्चले अदालतमा भने, "मेरो अङ्ग्रेजी टुक्राटाक्री छ, मेरो खुट्टा पनि भाँचिएको छ, तर मेरो मुटु भाँचिएको छैन, युरोपको फासीवादविरोधी आन्दोलनले मलाई यही कर्तव्य पूरा गर्न पठाएको हो, अस्ट्रेलियाली जनताको माझमा बोल्दा मैले आफ्नो कर्तव्य पूरा गरेको अनुभव गर्दै छु ।"

उनको भाषण टुङ्गिएपछि सबै अस्ट्रेलियाली जनतासँगै विल्फ्रेड पनि मुठ्ठी उठाउँदै अन्तर्राष्ट्रिय गीत गाउँदै सडकमा उत्रे । अदालतले उनलाई गैरकानुनी बसोबास गरेकोमा ६ महिनाको कैद सजाय गर्‍यो । उनी झन् आकर्षण र चर्चाको केन्द्र बन्न पुगे । यसकारण, गृहमन्त्रीले उनलाई राहदानी, सामान, १५०० पाउन्ड (£1500) खर्च र टिकट दिएर युरोप फर्काए ।

त्यसबारे बर्चेटले भने, "किस्च तत्काल मेरो नायक बने । उनको मानवीय गुण, उनको शारीरिक र नैतिक साहसले मलाई प्रभाव पार्‍यो, जीवनको राम्रो उद्देश्यको निम्ति अन्यायसँग लड्न र त्यसलाई उदाङ्ग्याउने उनको कलमको शैलीले म प्रभावित भएँ । अचेत मनले मैले उनलाई प्रगतिशील पत्रकारको आदर्शको रूपमा लिएँ ।"

सन् १९३६ अर्थात् २५ वर्षको उमेरमा उनले पर्यटन सेवा (Travel Agency) मा काम पाई अस्ट्रेलियाबाट बेलायत पुगे । त्यहाँ पछि उनलाई बेलायतमा सोभियत राजदूतावासबाट पर्यटन कार्यालय खोल्न निमन्त्रणा गर्‍यो । कार्यालय खुल्यो तर बेलायत र सोभियतसङ्घबिच एक कूटनैतिक विवाद उठी उक्त कार्यालय बन्द भयो । उनले बेलायतबाटै पत्रकारितालाई अँगाले ।

पर्यटकहरूको यात्राबारे बर्चेटलाई



राम्रो अनुभव भएपछि उनले आप्रवासीहरूलाई जर्मनीबाट बेलायत र अमेरिका पठाउने काम गर्न थाले । त्यही सिलसिलामा सन् १९३८ मा जर्मन यहुदी इर्ना हाम्मर (Erna Hammer) सँग भेटघाट भयो र त्यो चिनाजानी विवाहमा परिणत भयो । त्यसबेला उनी २७ वर्षका थिए । उनी फासीवादको केन्द्र जर्मनीमै पुगे ।

अस्ट्रेलियाको पूर्वी दिशामा प्रशान्त महासागरको दक्षिणतिर न्यु क्यालेडोनिया (New Caledonia) भन्ने एक टापु छ । त्यो टापु फ्रान्सेली उपनिवेश हो । २० हजार वर्ग किलोमिटर भएको उक्त टापुको एक-डेढ लाख जनसङ्ख्या थियो । त्यहाँ एक विद्रोह भड्किएको थियो । बर्चेट अस्ट्रेलियाली भएको हुँदा बेलायतको 'दैनिक वाणी' (Daily Express) पत्रिकाले उनलाई एक स्वतन्त्र पत्रकारको रूपमा परिचय-पत्र दियो । यसरी सन् १९४० बाट उनी पत्रकारिताको पेसामा पूर्ण रूपले लागे । उनले चीन, बर्मा र अमेरिकी युद्ध अभियानहरूका क्षेत्रका समाचारहरू पनि लेखे । त्यसबेला उनी २९ वर्षका जल्दाबल्दा युवा थिए । भारत र बर्मामा पुग्दा सिङ्गापुर जापानको कब्जामा जानुको कारण जानाजानै बेलायतको ढिलासुस्ती हो भनी उनले व्याख्या गरे ।

दोस्रो विश्व युद्धको समय थियो, चीनले जापानी साम्राज्यवादलाई धपाउँदै थियो, पूर्वी रुसबाट पनि जापान पछि हट्दै थियो, फिलिपिन्स, इन्डोनेसिया, मलेसिया र बर्मामा समेत कम्युनिस्टहरू लड्दै थिए । भियतनाम, लाओस र कम्बोडियामा जापान पछि हट्दै थियो । लडाइँ पूर्वमा यथावत् चालू रहेमा पूर्वी एसिया पूरै कम्युनिस्टहरूको प्रभाव क्षेत्र हुने, जापान र अमेरिकाको बिचमा लडाइँ भइरहेमा दुवै देशको अझ धेरै धन-जनको क्षति हुने पश्चिमी देशहरूले अनुमान गरे । यसकारण, तत्काल जापानलाई आत्मसमर्पण गराउन नयाँ हतियारको प्रयोग गर्न पश्चिमी देशहरू लागिपरे ।

जापानलाई आत्मसमर्पण गराउन अमेरिकाले ६ अगस्टको दिन जापानको दुई सहर हिरोसिमा र नागासाकीमा आणविक बम खसाल्यो । लाखौँ जनता तत्काल मरे; सहर ध्वस्त भयो; इतिहासमा कहिल्यै नभएको संहार भयो । आणविक बमबाट विकिरण फैलिने कुरा प्रचारमा आइसकेको थिएन । २ सेप्टेम्बर १९४५ को दिन बर्चेट जापानको राजधानी टोकियोको रेलबाटै हिरोसिमा पुगे । उनी नै त्यस विनाशपछि पुगेका पहिला पश्चिमेली व्यक्ति थिए ।

५ सेप्टेम्बर, १९४५ को दिन बेलायती 'दैनिक वाणी' (Daily Express) ले आणविक विकिरणबाट असर हुने 'आणविक प्लेग रोग' (The Atomic Plague) भन्ने शीर्षकमा समाचार छाप्यो । २ सेप्टेम्बरको दिन जापानी सम्राटले अमेरिकी प्रमुख सेनापति जनरल डगल्स माक्यार्थि (General Douglos McCarthy) को सामु औपचारिक आत्मसमर्पण गरेका थिए । बर्चेटको 'आणविक प्लेग' को समाचारले सारा पश्चिमी जनमत अमेरिकी आणविक बमवर्षाको विरोधमा हुने अनुमान शासकहरूले गरे । पश्चिमी देश बेलायत आफै मुसाबाट फैलेको प्लेग रोगको महामारी भोगिसकेको देश थियो । यसकारण, पश्चिमी शासकहरू र बुद्धिजीवीहरूले उनलाई आतङ्क फैलाउने, नराम्रो, नीच र तुच्छ व्यक्ति भनी निन्दा र घृणा गरे । केहीले उनलाई 'वामपन्थी उत्तेजना फैलाउने' वा कम्युनिस्ट कार्यकर्ताको रूपमा लिए । केहीले उनलाई 'स्तालिनको पिछलग्गू', 'विश्वासघाती', 'रुसी गुप्तचर विभाग केजीबी (KGB) को दलाल' आदि आरोप लगाए । तर, बेलायती दार्शनिक र गणितज्ञ बर्ट्रान्ड रसेल (Bertrand Russell) ले उनलाई 'एक समकालीन इतिहासकार र सचेत पत्रकार' भएको बताए ।

विल्फ्रेड बर्चेटको 'आणविक प्लेग' समाचारले उनी झन् चर्चित भए । उनी पछि ग्रीस र बर्लिनमा पठाइए । त्यहाँ उनले ३ वर्ष बेलायती 'दैनिक वाणी' को काम गरे ।

सन् १९४३ मा पूर्वी युरोपमा 'नयाँ समय' (New Times) साप्ताहिक पत्रिका सुरु भएको थियो । रुसी भाषासहित १० भाषामा सो पत्रिका प्रकाशित हुन्थ्यो । अन्य देशहरूमा पनि त्यसका कार्यालयहरू थिए । बर्चेटले त्यस्तै पूर्वी कम्युनिस्ट देशका पत्रिकाहरूमा काम गर्न थाले ।

बर्चेटले हङ्गेरी र बुल्गेरियाको भित्री सङ्घर्ष र रुसी जनताका बारेमा लेखे । स्तालिनको पक्षमा कलम चलाए । पूर्वी युरोपेली कम्युनिस्ट देशहरूको पक्षमा लेखेको हुनाले कतिपयले उनलाई 'अस्ट्रेलियाली कम्युनिस्ट पार्टी' को गुप्त कार्यकर्ता भने ।

सन् १९४८-४९ मा विल्फ्रेड बर्चेटको विरोधमा अनेक लाञ्छनाहरू पनि लगाइए । उनले चीन र कोरियाका युद्धबन्दीहरूको शिविरमा अमेरिकी बन्दीहरूको मन फर्काउन खोजेको र बेलायतको निम्ति जासुसी गरेको आरोप खेपे । त्यस आरोप र लाञ्छनाको विरोधमा उनले 'विद्रोही पत्रकारका संस्मरणहरू' ( Memoirs of a Rebel Journalist) लेखे । उनलाई 'कम्युनिस्ट प्रचारक' र 'कम्युनिस्ट एजेन्ट' भन्ने आरोप पनि पश्चिमेलीहरूले लगाए ।

बर्चेटले बुल्गेरियामा काम गर्दा त्यहाँका नागरिक भेसीलिना ओस्सिकोभस्का (Vesselina Ossikovska) सँग विवाह गरे । त्यसैकारण, उनको बुल्गेरियाको अनुमति पत्र खारेज भयो र त्यसपछि लोग्ने स्वास्नी दुवै पेइचिङ र कोरिया पुगेका थिए ।

उनी कहिल्यै नथाक्ने अन्तर्राष्ट्रिय पत्रकारिताको एक शक्ति थिए । सामयिकता, राजनैतिक चतुऱ्याइँ, सान्दर्भिक अवलोकन, प्रस्ट दृष्टिकोण र सरल शैलीले उनको समाचारको सधैँ माग रहन्थ्यो । वामपन्थीहरूलाई स्थितिको जानकारी लिन आतुर रहँदा विल्फ्रेड बर्चेटले बारम्बार सत्य समाचार पठाउँथे, किनभने उनी स्वयं एक 'विद्रोही पत्रकार' थिए ।

फ्रान्सको एउटा प्रसिद्ध समाचार पत्र 'एल ह्युमानित' (L'Humanite) को विदेश संवाददाता बनी बर्चेट सन् १९५१ मा चीन पुगे । ३ महिनापछि उनले 'चीनको मुक्ति' (China's Feet Unbound) शीर्षकमा चीनको समर्थनमा लेखहरू लेखे ।

जुलाई १९५१ मा बर्चेट उत्तर कोरिया पुगे । त्यहाँ उनी अस्थायी युद्धविराम रेखा पानमुनजोनको शान्ति वार्ताको समाचार सङ्कलन गर्न पुगे । उनीसँग चिनियाँ प्रेसको परिचय पत्र पनि थियो ।

उनले नै कोरियामा संयुक्त राष्ट्र सङ्घको नाममा अमेरिकी साम्राज्यवादले गरेका अत्याचारहरू उदाङ्ग्याए । उनले नै कोरियामा 'किटाणु युद्ध' चलाएको आरोप लगाए । त्यसबेला साह्रै थोरै पश्चिमी पत्रकारहरू चिनियाँ जनता र कोरियाली जनताको पक्षमा थिए । सन् १९५६ मा उनी मस्कोमा 'राष्ट्रिय संरक्षक' (National Guardian) का संवाददाता भए ।

बर्चेट सन् १९५६ तिर भियतनाम, लाओस र कम्बोडिया पुगे । अमेरिकीहरू उनी ती देशहरूमा गएको मन पराउँदैनथे । हवाईजहाजमा अमेरिकीहरूले उनको राहदानी नै चोर्न लगाए । तैपनि, उनले भियतनाम, लाओस र कम्बोडियाका महत्त्वपूर्ण नेताहरू, राजा र राजकुमारहरूसँग भेटे । तीनवटै देशका विवरणहरू उनले ३२४ पृष्ठको 'मेकोङको जागरण' मा उल्लेख गरे । त्यसबेला उनी ४६ वर्षका अनुभवी पत्रकार बने ।

सन् १९६४ मा उनी ५३ वर्षका प्रौढ थिए । उनले दक्षिण भियतनामको जङ्गल-जङ्गलमा साइकल लिएर मुक्त इलाकाहरू गई त्यहाँका जनताबारे समाचारहरू लेखे । 'दक्षिण भियतनामको मुक्त इलाकाहरूमा मेरो यात्रा' सन् १९६६ मा तेस्रो संस्करण प्रकाशित भयो । हो चि मिन्हका कार्यकर्ताहरूले कसरी पाषाण युगमा रहेका जात-जातिहरूमा समेत गई फ्रान्सेलीहरूको विरोधमा सङ्गठित गरेका थिए भन्ने खालका वर्णनहरू उनका रिपोर्टहरूमा उल्लेख थियो र पछि उनले अमेरिकी आक्रमणको विरोधमा कसरी लडे भन्ने विवरणहरू प्रस्तुत गरे ।

सन् १९७१ को समय थियो । भियतनाम युद्धले सारा संसारको ध्यान आकर्षित गर्दै थियो । अमेरिकी साम्राज्यवादले विषालु ग्यास, रासायनिक वस्तु र आगोसमेत लगाएर वन-जङ्गल, गाउँ-सहर, खेत-खलियानसमेत खरानी पार्दै थियो र नापाम बम (Napalm bomb) ले भियतनामी जनता अत्यन्त पीडित थिए । त्यस्तो बेलामा पनि भियतनामी भूमिमा उनले सयौँ माइल पैदल यात्रा गरी समाचारहरू लेखे, टिप्पणी गरे तथा पुस्तकहरू लेखे । त्यसबेला उनी ६० वर्षका थिए ।

अमेरिकी साम्राज्यवादले भियतनामलाई सजिलै पराजित गर्ने दु:स्वप्न देखेको थियो । अमेरिकाले भियतनामी गुरिल्लाहरू कम्बोडियामा लुकीलुकी काम गर्छन् र हातहतियार र रसदपानी पुऱ्याउने काम कम्बोडियाबाट हुन्छ भन्ने भ्रम पाल्यो । त्यसकारण, पहिले कम्युनिस्टसँग मिल्ने कम्बोडियाको राजा सिंहानोकलाई अपदस्थ गरी भियतनामीहरूको आपूर्ति बन्द गराउने योजना बनाई कम्बोडियाको राजधानी न्होमपेनमा १८ मार्च १९७० मा दरबारी विद्रोह गरायो ।

सिंहानोक पेरिसमा उपचारको निम्ति पुगेका थिए । अमेरिकी केन्द्रीय गुप्तचर विभागकै निर्देशनमा लोन नोल, श्री माताक र तिनीहरूका पिछलग्गूहरूले सन् १९७० को १८ मार्चको दिन विद्रोहको घोषणा गरे । सन् १९५५ मा कम्बोडियाली सेनाको प्रमुख र सन् १९५९ को सरकारको प्रधानमन्त्री बनेका लोन नोलले आफूलाई गणतन्त्र कम्बोडियाको राष्ट्रपति घोषणा गरे ।

सन् १९६४-६६ को रक्षामन्त्री र विदेशमन्त्री, चीन र अन्य देशहरूमा सन् १९६२ देखि १९६९ सम्म राजदूत बनेका श्री माताक सन् १९७० को मार्चको विद्रोहबाट प्रधानमन्त्री बने । सिंहानोकलाई राजा पदबाट अपदस्थ गरी ज्यान सजायको घोषणा गऱ्यो ।

त्यस्तो गञ्जागोलको स्थितिमा बर्चेट सिंहानोकको 'सीआईएसँग मेरो लडाइँ' को अनुवाद गर्न पेइचिङ र साङ्घाई गए ।

अमेरिकी साम्राज्यवादी आक्रमण र हस्तक्षेपलाई पराजित गरेपछि कम्बोडियामा पुन: आन्तरिक झगडा चर्कियो । भियतनामी समर्थक कम्युनिस्ट, पोलपोट समर्थक कम्युनिस्ट र राजा सिंहानोक समर्थकहरूको त्रिकोणात्मक सङ्घर्ष चर्क्यो । सन् १९७५-७६ को त्यस अवधिमा बर्चेटले पोलपोटको सरकारको पक्षमा लेखे ।

**बर्चेटका केही कृतिहरू**

१. Pacific Treasure Island
२. Bombs Over Burma
३. Wingatis Phantom Army
४. Democracy with a Tommy gun
५. Cold war In Germany
६. People's Democracy
७. The Changing Tide - (Play in five act)
८. China's Feet Unbound
९. This Monstrone war
१०. Koje Unscreened (with Alan Winnington)
११. Plain Perfidy
१२. North of the 17th Parralled
१३. The Fusitive War
१४. Passport an Autobiography (सन् १९६७ मा अस्ट्रेलियामा प्रकाशित)
१५. At the Barricades (सन् १९८१ मा प्रकाशित)

यसरी बर्चेटले आफ्नो जीवनकालमा ४० भन्दा बढी पुस्तकहरू लेखेका थिए ।

२७ सेप्टेम्बर सन् १९८३ मा बुल्गेरियाको राजधानी सोफियामा क्यान्सर रोगले ७२ वर्षको उमेरमा उनी बिते । उनी एक अन्तर्राष्ट्रवादी र साम्राज्यवादविरोधी पत्रकार थिए ।

***स्रोत: चार अन्तर्राष्ट्रवादी पत्रकार***



DAILY EXPRESS

No. 14,119 Lighting-up: 8.39 pm to 5.20 am WEDNESDAY SEPTEMBER 5 1945 Weather: Dull, cool One Penny

30th DAY in Hiroshima: Those who escaped begin to die, victims of—

THE ATOMIC PLAGUE

'I write this as a warning to the world'

DOCTORS FALL AS THEY WORK

Poison gas fear: All wear masks

Express Staff Reporter PETER BURCHETT

HIROSHIMA, Tuesday.

IN Hiroshima, 30 days after the first atomic bomb destroyed the city and shook the world, people are still dying, mysteriously and horribly—people who were uninjured in the cataclysm—from an unknown something which I can only describe as the atomic plague.

Hiroshima does not look like a bombed city. It looks as if a monster steamroller had passed over it and squashed it out of existence. I write these facts as dispassionately as I can in the

3,320,173 AMAZES

THE PICTURE THAT DOES NOT TELL THE WHOLE STORY

The big switch: 'Over by spring'

By TREVOR EVANS

UNDER present demobilisation plans it is expected that industry's switch from war to peace conditions will not be

4.30 a.m. LATEST

PRISONERS RUN JAP CITIES




भारतको राजधानी नयाँ दिल्लीमा भारतको निर्वाचन आयोगका प्रमुख आयुक्त ज्ञानेशकुमारको राजीनामा माग गर्दै र मतदाता नामावली सच्याउने नाममा विपक्षी दलका मतदाताको नाम काट्ने षड्यन्त्रको विरोधमा भएको विरोध जुलुसमाथि दिल्ली प्रहरीले गरेको दमन सेप्टेम्बर २६, २०२६ को दिन ।
*तस्बिर : एसएफआईको फेसबुकपेज*

# साउदी अरबमाथि हुथी आक्रमण तीव्र ड्रोन र क्षेप्यास्त्र रोकिएको दाबी

रियाद,१० असोज (एएफपी) । यमनका हुथी विद्रोहीहरूले साउदी अरबमाथि नयाँ आक्रमण जारी राखेपछि साउदी नेतृत्वको गठबन्धनले शनिबार दुई ड्रोन र दुईवटा ब्यालेस्टिक क्षेप्यास्त्र रोकिएको जनाएको छ । इरान समर्थित हुथी समूहले राजधानी रियादसहित विभिन्न क्षेत्रमा नयाँ आक्रमण गरेपछि अन्तर्राष्ट्रिय स्तरबाट समेत चिन्ता व्यक्त गरिएको छ ।

गत जुलाईदेखि हुथी समूहका आक्रमण निरन्तर तीव्र भइरहेका छन् । लामो समयदेखि कायम युद्धविराम अन्त्य भएपछि यमनको द्वन्द्व थप चर्किएको छ र यसले मध्यपूर्वमा जारी व्यापक युद्धसँग समेत सम्बन्ध जोडेको छ ।

संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्ले यसअघि साउदी अरबमाथि बढ्दो हुथी आक्रमणको निन्दा गरेको थियो । परिषद्ले ती आक्रमणमा महिला र बालबालिकासहित सर्वसाधारण घाइते भएको उल्लेख गरेको छ । हुथी समूहले साउदी अरबमाथि समुद्री नाकाबन्दीसमेत लगाएको दाबी गरिएको छ । उसले तेल बोकेका पानीजहाजमाथि आक्रमण गर्नुका साथै यमनको लाल सागर तटीय क्षेत्रमा नियन्त्रण विस्तार गरेको र साउदी भूमितर्फ क्षेप्यास्त्र प्रहार गर्दै आएको छ । यस्ता गतिविधिका कारण ऊर्जा बजारमा समेत असर परेको बताइएको छ ।

साउदी नेतृत्वको गठबन्धनका प्रवक्ताका अनुसार शनिबार हवाई प्रतिरक्षा प्रणालीले हुथी समूहले रियाद क्षेत्रतर्फ प्रहार गरेका दुई ड्रोन पहिचान गरी नष्ट गरेको थियो । त्यसैगरी, दक्षिणपश्चिमी सहर खमिस मुशैततर्फ प्रहार गरिएका दुई ब्यालेस्टिक क्षेप्यास्त्र पनि रोकिएको गठबन्धनले जनाएको छ । उक्त क्षेत्रमा एउटा महत्त्वपूर्ण हवाई सैनिक अड्डा रहेको छ ।

हुथी राजनीतिक ब्युरोका सदस्य हेजाम अल-असदले आफ्नो समूहको सैन्य अभियान अझ ठूलो द्वन्द्वका लागि तयारी मात्र भएको बताउनुभएको छ ।"अभियानको शक्ति, दायरा र प्रभावका बाबजुद हाम्रो सशस्त्र बलले यसलाई पूर्ण स्तरको युद्धका लागि एउटा सानो अभ्यासका रूपमा मात्र हेरेको छ," उहाँले शनिबार भन्नुभयो ।

खाडी सहयोग परिषद्का महासचिव जासेम मोहम्मद अल्बुदाइवीले पनि हुथी आक्रमणको निन्दा गर्नुभयो ।

उहाँले यस्तो गतिविधिलाई साउदी अरबको सार्वभौमसत्तामाथिको गम्भीर उल्लङ्घन भन्दै सर्वसाधारणको सुरक्षा र क्षेत्रीय स्थायित्वमा प्रत्यक्ष खतरा उत्पन्न भएको बताउनुभयो ।

अल्बुदाइवीले अन्तर्राष्ट्रिय समुदायलाई आक्रमण रोक्न तथा हुथी समूहलाई जवाफदेही बनाउन दृढ कदम चाल्न आग्रह गर्नुभयो ।

यसैबिच, यमनको शासकीय निकायका प्रमुख रशाद अल-अलिमीले शुक्रबार हुथी आक्रमणको सामना गर्न देशभर आम परिचालनको आह्वान गर्नुभएको थियो ।

हुथी सेनाले यमनी सरकारी सेनाविरुद्ध सञ्चालन गरिरहेको स्थल अभियानका कारण मानवीय संकट थप गहिरिने जोखिम बढेको छ । संयुक्त राष्ट्रसङ्घका अनुसार अगस्टदेखि हालसम्म यमनमा एक लाख ३८ हजार मानिस विस्थापित भएका छन्, जसमा करिब ७० हजार बालबालिका रहेका छन् ।

# द्वन्द्व अन्त्य नै विस्थापन समाधानको मुख्य उपायः संयुक्त राष्ट्रसङ्घ

न्युयोर्क, १० असोज (सिन्हवा) । संयुक्त राष्ट्रसङ्घका शरणार्थीसम्बन्धी उच्चायुक्त बारहम सालिहले द्वन्द्व, हिंसा तथा उत्पीडनका कारण हुने बलपूर्वक विस्थापनको सबैभन्दा दिगो समाधान शान्ति नै भएको बताउनुभएको छ ।

शुक्रबार संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद्को बैठकलाई पहिलोपटक सम्बोधन गर्दै उच्चायुक्त सालिहले द्वन्द्वका कारण घरबार छाड्न बाध्य भएका मानिसहरूको संरक्षण गर्नु, उनीहरूलाई आश्रय प्रदान गर्ने देश तथा समुदायलाई सहयोग गर्नु र विस्थापनको दीर्घकालीन समाधान खोज्नु मानवीय संस्थाहरूको निरन्तर प्राथमिकता रहेको बताउनुभयो ।

तर उहाँले वास्तविक सफलता केवल मानिसहरूलाई वर्षौंसम्म द्वन्द्वको बिचमा जीवित राख्न सक्नुमा मात्र सीमित हुन नहुने उल्लेख गर्नुभयो ।

उच्चायुक्त सालिहले ७५ वर्षअघि शरणार्थीसम्बन्धी महासन्धिले शान्ति असफल हुँदा विस्थापित मानिसहरूको संरक्षण गर्ने प्रतिबद्धता स्थापित गरेको स्मरण गराउनुभयो । उहाँका अनुसार अब विस्थापन भइसकेपछि त्यसको समाधान खोज्नुका साथै सम्भव भएसम्म विस्थापन रोक्ने र प्रभावित मानिसहरूले सुरक्षित तथा सम्मानजनक रूपमा आफ्नो जीवन पुनर्निर्माण गर्न सक्ने वातावरण सिर्जना गर्नु आवश्यक छ ।

"अन्ततः बलपूर्वक विस्थापनको सबैभन्दा दिगो समाधान शान्ति नै हो," उहाँले भन्नुभयो ।

शान्ति स्थापना र त्यसलाई दिगो बनाउन सुरक्षा परिषद्का सदस्य राष्ट्रहरूको विशेष जिम्मेवारी रहेको उल्लेख गर्दै उहाँले द्वन्द्व अन्त्य गर्न राजनीतिक प्रभाव प्रयोग गर्न तथा शान्ति प्रक्रियालाई निरन्तरता दिन आग्रह गर्नुभयो ।

उहाँका अनुसार हाल ११ करोड ७० लाखभन्दा बढी मानिस द्वन्द्व, हिंसा, उत्पीडन तथा सुरक्षामाथिका अन्य खतराका कारण आफ्नो घरबाट विस्थापित भएका छन् ।

विस्थापनको गति समाधानका प्रयासभन्दा तीव्र बन्दै गएको उल्लेख गर्दै उहाँले विश्वका विभिन्न क्षेत्रमा द्वन्द्वको सङ्ख्या बढिरहेको र धेरै द्वन्द्व दीर्घकालीन बन्दै गएको बताउनुभयो । राजनीतिक समाधान प्राप्त गर्न कठिनाइ हुँदा अस्थायी संकटका रूपमा घर छाडेका लाखौं मानिस वर्षौंसम्म र कतिपय अवस्थामा पुस्तौंसम्म विस्थापित जीवन बिताउन बाध्य भएको उहाँले उल्लेख गर्नुभयो ।

उहाँले विस्थापनलाई केवल मानवीय समस्याका रूपमा मात्र हेर्न नहुने बताउँदै यो अन्तर्राष्ट्रिय शान्ति तथा सुरक्षासँग प्रत्यक्ष रूपमा सम्बन्धित विषय भएको धारणा व्यक्त गर्नुभयो ।

मानवीय संस्थाहरूले द्वन्द्वका कारण प्रभावित मानिसहरूको संरक्षण, उनीहरूलाई आश्रय दिने देश तथा समुदायलाई सहयोग र विस्थापनको समाधान खोज्ने कार्य गरिरहेको भए पनि शान्ति स्थापना गर्ने जिम्मेवारी मानवीय संस्थाहरूको मात्र नभएको उहाँले स्पष्ट पार्नुभयो ।

उच्चायुक्त सालिहले सुरक्षा परिषद्लाई द्वन्द्व अन्त्य गर्न राजनीतिक प्रभावको उपयोग गर्न, शान्ति प्रक्रियालाई दिगो बनाउन, नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न आग्रह गर्नुभयो ।

त्यसैगरी, विस्थापनको सुरुवातदेखि नै दीर्घकालीन समाधानका लागि आवश्यक सहयोग उपलब्ध गराउन, शरणार्थीलाई आश्रय प्रदान गर्ने देश तथा समुदायलाई सहयोग गर्न र सुरक्षित रूपमा आफ्नो देश फर्कन चाहने मानिसहरूको लागि अनुकूल वातावरण निर्माण गर्न पनि उहाँले आग्रह गर्नुभयो ।

## विश्व सङ्क्षेप

### युक्रेनका उत्तेजक गतिविधिले अवस्था थप बिगार्ने पुटिनको चेतावनी

मस्को,१० असोज (सिन्हवा) । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले तनाव बढाउने गतिविधिले युक्रेनले खोजेको परिणाम हासिल गर्न नसक्ने र त्यसले अवस्था झनै जटिल बनाउने बताउनुभएको छ । शुक्रबार पत्रकार सम्मेलनमा पुटिनले युक्रेनले कुनै पनि उत्तेजक गतिविधि वा तनाव बढाउने कदमबाट आफूले चाहेको परिणाम प्राप्त गर्न नसक्ने बताउनुभयो । उहाँका अनुसार यस्ता गतिविधिले युक्रेनकै अवस्था थप कठिन बनाउनेछ । रुसले गरेको सैन्य जवाफी कारबाहीपछि युक्रेनले ऊर्जा संरचनामाथिका आक्रमण तथा हवाई हमलासहित विभिन्न क्षेत्रमा युद्धविरामसम्बन्धी व्यवस्था गर्न खोजेको पुटिनले दाबी गर्नुभयो । युक्रेनले कथित रूपमा समुद्री नाकाबन्दी लागू गर्ने प्रयास गर्नुका साथै भण्डारण केन्द्र तथा नागरिक पूर्वाधारमा आक्रमण गरेको भन्दै रुसले त्यसको जवाफ दिन थालेको उहाँले बताउनुभयो । रुसी आकलनअनुसार युक्रेनका गतिविधिका कारण कृष्ण सागरमा रहेका १०० भन्दा बढी पानीजहाजमा क्षति पुगेको पुटिनले दाबी गर्नुभयो ।

### भारी वर्षापछि बैङ्ककका सबै ५० जिल्लामा विपद् घोषणा

बैङ्कक,१० असोज (एएफपी) । थाइल्यान्डको राजधानी बैङ्ककमा लगातार तेस्रो दिन परेको भारी वर्षाका कारण अधिकांश क्षेत्र डुबानमा परेपछि शनिबार राजधानीका सबै ५० जिल्लामा विपद्को अवस्था घोषणा गरिएको छ ।

विपद् घोषणा भएपछि स्थानीय निकाय तथा सम्बन्धित संस्थाहरूले आवश्यक उद्धार र राहतका कदम चाल्न सक्नेछन् । बैङ्ककका गभर्नरका अनुसार बिहीबार दिउँसोदेखि राजधानीमा करिब ३०० मिलिमिटर वर्षा भइसकेको छ ।

मध्य बैङ्ककको उत्तरतर्फ नहर नजिकै बस्ने ६७ वर्षीया सोमकित फ्युक-डामले पानी कम्मरसम्म पुगेको बताउनुभएको छ । लगातारको डुबानका कारण उनले दुई दिनदेखि आफ्नो पसल बन्द गर्नुभएको छ । ।

"पानी निरन्तर बढिरहेको छ । अहिले बाहिर निस्कन निकै कठिन छ । यसपटकको डुबान सन् २०११ को बाढीभन्दा पनि गम्भीर देखिन्छ ।"

सन् २०११ मा थाइल्यान्डमा आएको भीषण बाढीका कारण ५०० भन्दा बढी मानिसको मृत्यु भएको थियो भने लाखौं घरमा क्षति पुगेको थियो ।

बिहीबार दिउँसोदेखि लगातारजसो वर्षा भएपछि बैङ्ककका सडक डुबानमा परेका छन् । राजधानीका नहरमा पानीको सतह बढ्दा नहर आसपासका धेरै घर र रेस्टुरेन्टमा पानी पसेको छ । आरी क्षेत्रमा मोटरसाइकल चलाउने साम्रुआय नाक्कामनुइडले काममा जान घरबाट निस्कँदा अगाडिको सडक पूरै डुबेको बताउनुभयो । "यति धेरै पानीमा मेरो मोटरसाइकल चलाउन सकिएला कि नसकिएला भन्ने चिन्ता लागेको थियो," उहाँले भन्नुभयो । दक्षिणपूर्वी क्षेत्रमा पर्ने अन नुतमा स्थानीय बासिन्दाहरू घुँडासम्म आउने बाढीको पानीमा हिँडिरहेका देखिएका थिए । कतिपयले घर सुरक्षित राख्न बालुवाले भरिएका बोरा पनि तयार गरिरहेका थिए ।

### नासाको 'क्रु-१४ अभियान' मा अमेरिका, जापान र रुसका अन्तरिक्ष यात्री

लस एन्जलस, १० असोज (सिन्हवा) । अमेरिकी अन्तरिक्ष अनुसन्धान संस्था नासाले अन्तर्राष्ट्रिय अन्तरिक्ष केन्द्रका लागि स्पेसएक्सको 'क्रु-१४ अभियान' मा सहभागी हुने चार सदस्यीय टोलीको घोषणा गरेको छ ।

नासाका अनुसार अमेरिका, जापान र रुसका अन्तरिक्ष यात्री सहभागी हुने उक्त अभियान सन् २०२७ को वसन्तयामअघि प्रक्षेपण हुने र लामो अवधिको वैज्ञानिक अनुसन्धानमा केन्द्रित हुनेछ । अमेरिकी अन्तरिक्ष यात्री कायला बारोनले यानको कमान्डर तथा क्रिस बर्चले चालकको जिम्मेवारी सम्हाल्नेछन् । जापानको अन्तरिक्ष अनुसन्धान संस्था जाक्साका अन्तरिक्ष यात्री माकोटो सुवा र रुसी अन्तरिक्ष संस्था रोस्कोस्मोसका अन्तरिक्ष यात्री अरुत्युन किभिर्यानले अभियानका अनुसन्धान विशेषज्ञका रूपमा जिम्मेवारी सम्हाल्ने नासाले जनाएको छ ।

यो अभियान नासाको पृथ्वीको तल्लो कक्षसम्बन्धी कार्यक्रमअन्तर्गत स्पेसएक्ससँगको १४ औं व्यावसायिक अन्तरिक्ष यात्री आदानप्रदान अभियान हुनेछ ।

अभियानका क्रममा टोलीले वैज्ञानिक अनुसन्धान तथा प्रविधि परीक्षण गर्नेछ । यी अनुसन्धानले भविष्यमा चन्द्रमा र मङ्गल ग्रहमा मानव अन्वेषणका लागि आवश्यक प्रविधि तथा ज्ञान विकास गर्न सहयोग पुऱ्याउनुका साथै पृथ्वीमा रहेका मानिसलाई लाभ पुग्ने अनुसन्धानमा समेत योगदान गर्ने नासाले जनाएको छ ।

### श्रीलङ्काको अस्पतालमा ग्यास सिलिन्डर विस्फोट, ७ जना घाइते

कोलम्बो, १० असोज (सिन्हवा) । श्रीलङ्काको उत्तर-मध्य क्षेत्रमा पर्ने पोलोन्नरुवास्थित एक मिर्गौला अस्पतालमा ग्यास सिलिन्डर विस्फोट हुँदा सात जना घाइते भएका छन् ।

पोलिसका अनुसार शनिबार बिहान करिब ४ बजे पोलोन्नरुवा नेफ्रोलोजी अस्पतालको भान्सामा ग्यास सिलिन्डर विस्फोट भएको हो ।

विस्फोटमा अस्पतालका भान्सा कर्मचारीहरू घाइते भएका छन् । उनीहरूलाई उपचारका लागि पोलोन्नरुवा अस्पतालमा भर्ना गरिएको छ । अस्पताल स्रोतका अनुसार घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको छ ।

विस्फोटका कारण अस्पताल भवनमा समेत ठूलो क्षति पुगेको छ ।

# भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्न विलम्ब किन ?

✍ इन्द्र

गाईजात्राको अवसरमा भक्तपुरको मूल बाटो, दोबाटो, चौबाटो, चोक, दबुमा थुप्रै सांस्कृतिक, आधुनिक नाचगानहरू प्रदर्शन भए । त्यस्तै धेरै नाटक र ख्यालहरू पनि देखाइए । ती नाचगान अनि ख्याल, नाटकहरूमा ५/६ वर्षदेखि २५/३० वर्षका नयाँ पुस्ताका कलाकारहरू गाईजात्रामा नाचेर रमाए । ८०/९० वर्षका ज्येष्ठ अग्रज कलाकारहरू पनि गाईजात्रामा नाचेर रमाए । थुप्रै सांस्कृतिक नाचगान अनि नाटक, ख्यालमा नयाँ पुस्ताका कलाकारहरूले राम्रो, आकर्षक नाचगान, वाद्यवादन र कला प्रस्तुत गरे । त्यसैले भक्तपुर कलाकारहरूको थलो हो भनेर त्यसै भनिएको होइन । उनीहरूमा कुनै न कुनै सीप र कला हुन्छन् । त्यसैले भक्तपुर एउटा विश्वविद्यालय मानिएको हो । भोक-प्यास, घाम-पानी नभनीकन जनैपूर्णिमादेखि कृष्णाष्टमीसम्म सात रात आठ दिन गाईजात्रा, नाचगान, नाटक ख्यालहरू हेरेर दर्शकहरू रमाउँछन् । यसरी भक्तपुर नगरमा धेरै नाचगानहरूको प्रदर्शन निरन्तर वा जीवित रहनुमा भक्तपुरका जनता, भक्तपुर नगरपालिकाको सधैँ साथ र सहयोग रहनु हो । नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले लेख्नुभएको 'सय वर्षपछिको भक्तपुर' पुस्तकले ऊर्जा दिइरहेको छ ।

गाईजात्रामा अमूर्त सम्पदाअन्तर्गत सांस्कृतिक भेषभूषा, गरगहना, घिन्ताङघिसी, भैरव, महाकाली, देवी, दैत्य, नागाचा, हनुमान, लाखे, मयुर, ख्या, कवांचा, माक, मथु, भौमैंचा, फाकंदली, गाइँचा, साँदेश, कपाय् फेनेगु, कलाँलीचा, जङ्गली, भालु, शेर, सिंह, खिचा, लाहुरे, झ्याउरे, गीतिनाटक आदि नाचगानहरू प्रस्तुत भए । त्यस्तै व्यङ्ग्यात्मक नाटक र ख्याल पनि देखाइयो । ती विभिन्न नाचगानमा जीवनजगत्सम्बन्धी संस्कृति र सभ्यतासँग सम्बन्धित इतिहास, किंवदन्ती र सन्देशहरू छन् । यसले समाज अनि देशलाई सभ्य र सुसंस्कृत बनाउन मद्दत गर्छ । त्यसै अवधिमा दत्तात्रय, बाराहीलगायतका देवी देवताहरूको खट जात्रा, भजनसहित नगर परिक्रमा हुँदै आएको छ ।



भक्तपुरका बाजागाजा र नाचगानमा लाग्दै आएका सांस्कृतिक गुरुहरूलाई नगद पुरस्कारसहित सम्मान, गाईजात्रा मूल्याङ्कनमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना भएका नाचगान टोली, कलाकारहरूलाई हरेक वर्ष भक्तपुर नगरपालिकाले सम्मान तथा नगद पुरस्कार प्रदान गरेर हौसला दिँदै आएको हो ।

पञ्चदान पर्व, पुलुकिसी, यामता, मुपात्र, इन्द्रायणी भैरवको जात्रा नगर परिक्रमा, नवदुर्गा, बिस्केटजात्रा र दसैंको भक्तपुरमा विशेष स्थान छ । त्यसैले संस्कृतिविद् जगदीशशमसेर राणाले भक्तपुरलाई त्यसै नाचगानको राजधानी भन्नुभएको होइन । नाचगानहरूको भेषभूषा, मकुन्डो गरगहना, बाजागाजा, हाउभाउ, अभिनय शैली फरक फरक छन् । यसले संवेग, मानसिक, शारीरिक व्यायाम पनि हुने नै भयो ।

घामपानी र पटकपटकको भूकम्पले चर्केका, भत्केका सांस्कृतिक सम्पदाहरू पाँचतले मन्दिर, भैरव मन्दिर, पचपन्न झ्याल दरबार थन्थु दरबार बन्दै छ । नृत्य वत्सला मन्दिरलगायत विभिन्न टोल, ठाउँमा रहेका विभिन्न रूप, आकार, शैलीका सुन्दर मन्दिरहरू भक्तपुर नगरपालिकाले जनताको साथ र सहयोगमा पुनःठड्याएको छ । तर, दरबार क्षेत्रको बेलायती शैलीको राणाकालीन लाल बैठकले कला, संस्कृतिप्रेमी जनताका आँखामा धुलो कसिङ्गरझैँ सधैँ बिझाइरहेको अनुभव गरिरहेकै छन् । भक्तपुर नगरपालिकाले पचपन्न झ्याले दरबार, न्हेकँ छेँ दरबार, थन्थु दरबारजस्तै प्रमाणका आधारमा पुरानै शैलीमा भत्काएर लाल बैठक बनाउने अनुमति माग्दा युनेस्कोले (यो पनि सम्पदा हो भनेर) अनुमति दिएको छैन भन्ने सुनिन्छ । यो युनेस्को बेलायती साम्राज्यवादको छायाबाट मुक्त हुन नसकेको सङ्केत पो हो कि !

भक्तपुर नगरपालिकाले भक्तपुरमा पुरानै कलात्मक शैलीको सुन्दर घर बनाउन जनतालाई आर्थिक सहयोग गरेर प्रोत्साहन दिँदै आएको छ । दरबार क्षेत्र लाय्कुमा अवस्थित ताहाफल्चालगायतका टोल-टोलमा रहेका फल्चा (पाटी) हरू, तचपालको पुजारी मठ, जङ्गममठ, इखालाछी मठलगायतका मठहरू, सत्तलहरू जीर्णोद्धार र पुनः निर्माण गरिसकेको छ । सिद्धपोखरी, रानीपोखरी, भाज्यापुखुलगायतका पोखरीहरू पुनःनिर्माण भएका छन् । हाल सलाँ गणेशको पुखु पनि पुनःनिर्माण गरेर सुन्दर बनाउने काम हुँदै छ । हनुमानघाट, मङ्गलतीर्थलगायतका घाट र तीर्थस्थलहरूको पनि पुनःनिर्माण गर्दै छ । यी सबै मूर्त अमूर्त सम्पदाहरू भक्तपुर नगरपालिकाले सबैको साथ र सहयोगमा पुनः ठड्याएको सबैले देखेकै हुन् ।

भक्तपुर नगरपालिकाले २०७२ सालको विनाशकारी भूकम्पले ध्वस्त पारेका सम्पदाहरू २०७२ सालदेखि २०८३ साल साउनसम्ममा भक्तपुरका जनताको साथ र सहयोगमा विदेशीसँग हात नथापिकन आफ्नै खुट्टामा उभेर निर्माण, पुनः निर्माण गरिसकेको छ । स्रोतअनुसार त्यस्ता सम्पदाको सङ्ख्या १८५ पुगेको छ । बाँकी सम्पदाहरू त्यसरी नै सबैको सहयोगमा पुनःनिर्माण हुने क्रम जारी छ । पुनःनिर्माण सम्पन्न भएका सम्पदाहरूमा मन्दिर-४५, पाटी-६७, द्योछेँ - १४, प्रवेशद्वार - ४, पोखरी-१४, इनार - ९, सत्तल - ९, ढुङ्गेधारा-१० र अन्य सम्पदा - १३ रहेका छन् । नगरपालिका क्षेत्रभित्र ५० भन्दा बढी साना ठुला पोखरी, ३६४ वटा पाटी, ८७ वटा ढुङ्गेधारा रहेको तथ्याङ्क छ । जर्मन सम्पदाविद् निल्स गोत्सेले भक्तपुर नगरलाई जीवित सङ्ग्रहालय भनेका छन् । भक्तपुरको अनुसरण गरेर अरु नगरपालिका, गाउँपालिकाहरूले सम्पदा संरक्षण गर्न थालेको सञ्चारमाध्यममा आइरहेका छन् ।

मूर्त अमूर्त सम्पदा हेरेका देखेका, भोगेका अनुभव गरेका सांस्कृतिक सम्पदाको मर्म बुझेका जनता नगरलाई सांस्कृतिक नगर घोषणा गर्न विलम्ब किन भनेर बारम्बार वर्ष प्रश्न गर्दै छन् । जनताको यो माग र आवाजलाई आजका कुनै सरकारहरूले वास्ता गरेका छैनन् । देशमा कान चिरेका सरकारहरू मात्र आए । देशको गौरव, पहिचान भनेको नेपाली कला, संस्कृति हो । जनतालाई आफ्नो देशको मौलिक कला, संस्कृति देश प्यारो र गर्व लाग्छ । यो मर्म र महत्त्व बुझ्ने, बुझिदिने आफ्नै खुट्टामा उभिने सोच विचार, आचरण भएका मान्छे सरकारमा आएका भए उहीँ बेला, भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गरिसक्थ्यो । अहिले अरु नगरपालिकाहरू पनि जागरुक हुन थालेका छन् । यो देशको लागि गौरव र शुभ सङ्केत हो । नेपाल सरकारले विदेशी मित्र राष्ट्रका सरकार प्रमुखलगायतका विशिष्ट पाहुना तथा पर्यटकलाई छाती फुलाएर नेपाल भनेर स्वदेश र विदेशमा गर्वका साथ चिनाउने, घुमाउने भनेकै यी नै सम्पदाहरू हुन् । आकाश छुने कङ्क्रिट भवन, चौडा बाटाहरू हेर्न पर्यटकहरू धेरै पैसा खर्च गरेर सात समुद्रपारिबाट यहाँ आउँदैनन् । त्यसैले सरकारले भक्तपुर नगरलाई सांस्कृतिक नगर घोषणा गर्न विलम्ब गर्नुहुँदैन ।

# मनसुनजन्य विपद् अझै तर्सिरहन्छ टीकाभैरव

✍ प्रगति ढकाल

काठमाडौँ, ९ असोज । यतिबेला मौसम धुम्म छ । बेलाबेला आकाशबाट झमझम पानी परिरहेको छ । कतै बाढीपहिरोको त कतै डुबानको त्रास छ । ललितपुरको गोदावरी नगरपालिकास्थित टीकाभैरवका स्थानीय यतिबेला आकाशतिर हेर्छन् । आकाश उज्यालिने छाँडकाँट नहुँदा मन अँध्यारिन्छ । जब आकाशबाट ठुलो पानी पर्न थाल्छ जब स्थानीयको मनमा दुई वर्षअघिको नल्लु बाढीको दृश्य दोहोरिन थाल्छ ।

वर्षौंदेखि आस्थाको केन्द्र बनेको टीकाभैरव मन्दिर बाढीको भेलमा बग्दै गएको, बस्तीमा बाढी पसेको त्यो दृश्य अझै नाचिरहेको छ, स्थानीय कृष्ण श्रेष्ठका आँखामा । "हेर्दाहेर्दै मन्दिरको छानासम्म पानी पुग्यो । आँखै अगाडि मन्दिर बगायो", उहाँ भन्नुहुन्छ, "मान्छेका घरहरू पनि डुबाउन थाल्यो । मुलधारे वर्षामा भिज्दै कोही बच्चा काखमा च्यापेर भाग्न थाले । कोही कुखुरा त कोही बाख्रा डोहोराएर भागिरहेका थिए ।"

नल्लु खोलामा बाढी आएको यो पहिलोपटक भने होइन । श्रेष्ठका अनुसार आफूले थाहा पाएदेखि नै यस क्षेत्रमा बेलाबेला बाढी आउने गरेको छ । उमेरले सात दशक पार गरिसक्यो । उहाँको अनुभवमा २०८१ सालको बाढीको स्वरूप भने फरक थियो । उहाँले कहिल्यै त्यति ठुलो बाढी आउला भन्ने कल्पनासमेत गर्नुभएको थिएन । २०८१ असोज १२ गते आएको बाढीले सो क्षेत्रलाई नराम्ररी प्रभावित बनायो ।

बाढीले मन्दिर मात्रै बगाएन, आसपासका बस्ती, खेत र संरचनामा पनि क्षति पुर्‍यायो । हराबरा सुन्दर देखिने दृश्य बगरमा परिणत गरायो । त्यस दिनको दृश्य सम्झँदा स्थानीयको मन अहिले पनि भारी हुन्छ । ठुलो वर्षाको खबर सुन्नासाथ उनीहरूमा फेरि त्यस्तै विपद् दोहोरिने हो कि भन्ने डर हट्न सकेको छैन ।

अर्का ७५ वर्षीय स्थानीय कृष्ण खड्काले पनि नल्लुमा त्यति ठुलो बाढी आएर विनास गर्ला भन्ने कहिल्यै लागेको थिएन । यतिबेला सञ्चारमाध्यमबाट आइरहेको भारीदेखि अतिभारी वर्षा हुने पूर्वसूचनाको खबरले चिन्ता थपेको छ । "आकाशमा बादल मडारिँदा पनि मन डराउँछ नि । आकाशबाट ठुलो वर्षा हुँदा रातमा चिन्ताले निन्द्रा नै लाग्दैन," उहाँ भन्नुहुन्छ, "भारी वर्षा हुँदैछ भन्ने खबर सुन्दा मन अझै तर्सिरहेको छ । दुई वर्षअघिको जस्तै विपद्ले तहल्का मच्चाउने त होइन भन्ने लागिरहन्छ ।"

त्यतिबेला मन्दिर बगाएको त्यो दिन सम्झँदा खड्काका पनि मन भारी हुन छाडेको छैन । "हेर्दाहेर्दै मन्दिर पनि लडेको देखियो, त्यता फर्केर हेर्दा पनि अझै उराठ लाग्छ," उहाँ भन्नुहुन्छ । पन्ध्र वर्षदेखि मासु पसल सञ्चालन गर्दै आउनुभएका रमेश खत्रीका लागि वर्षा अब सामान्य मौसम मात्र रहेन । पानी पर्न थालेपछि उहाँको मनमा अनिश्चितताको डर पस्छ । "पानी परिरहँदा मन पनि अत्तालिन्छ । कतै दुई वर्षअघिको जस्तै बाढीले पसल त डुबाउँदैन भन्ने चिन्ता लाग्छ," उहाँ भन्नुहुन्छ, "पानी पर्न नरोकिएसम्म ढुक्कले निदाउन सकिएको छैन ।"

दुई वर्षअघिको बाढीले छाडेको त्रास खत्रीको मनबाट अझै हटेको छैन । त्यसैले आकाशमा बादल लाग्दा वा लगातार पानी पर्न थालेपछि उहाँको ध्यान पसल र खोलातिर पुग्छ । विगतमा बाढीले पुर्‍याएको क्षतिको सम्झनाले भविष्यमा फेरि त्यस्तै घटना दोहोरिन्छ कि भन्ने चिन्ता थपिन्छ । स्थानीय मीना श्रेष्ठको अनुभव पनि उस्तै छ । दुई वर्षअघि नल्लु खोलाको बाढी उहाँको घरसम्मै पस्यो । रातारात घर छाडेर सुरक्षित स्थानतर्फ दौडिनुपरेको त्यो क्षण अहिले पनि उहाँको स्मृतिमा ताजै छ । "दुई वर्षअघि बाढी घर पस्यो । रातारात घर छाडेर दौडनुपर्‍यो," उहाँ भन्नुहुन्छ, "अहिले पनि वर्षा हुँदा कतै बाढीले लखेट्ने त होइन भन्ने लाग्छ ।"

वर्षा सुरु हुनेबित्तिकै श्रेष्ठको मनमा पुरानो त्रास फर्किन्छ पानीको मात्रा बढ्दै जाँदा बाढी आउने हो कि भन्ने आशङ्काले मनमा ठाउँ लिन्छ । बाहिर पानी परिरहेको हुन्छ, तर उहाँको ध्यान भने खोलाको बहाव र आफ्नो घरको सुरक्षामै केन्द्रित हुन्छ । अर्का स्थानीय सागर श्रेष्ठको सम्झनामा पनि दुई वर्षअघिको बाढीको दृश्य नाचिरहन्छ । बाढीले उहाँको आँगनको डिल नै बगाएको थियो । अहिले वर्षा सुरु भएपछि पनि श्रेष्ठको मनमा प्रश्न उठ्छ- कतै विगतकै जस्तो बाढी त आउने होइन ?

बाढीले बगाएको आँगनको ढिल पुनः बनिसकेको छ । तर बाढीले मनमा छाडेको त्रास भने सजिलै मेटिन सकेको छैन । टीकाभैरव मन्दिर नजिकै पूजा सामग्रीको पसल सञ्चालन गर्दै आउनुभएकी शारदा पोखरेलको दैनिकी पनि वर्षायाममा फेरिन्छ । उहाँको पसलभन्दा केही माथि घर छ । पानी पर्न थालेपछि घरभित्रै बसेर पनि उहाँको मन नल्लु खोलामै पुग्छ । "पानी पर्न थालेपछि डर लाग्छ । रातभरि निद्रा लाग्दैन," उहाँ भन्नुहुन्छ । पानी परेको रात पोखरेललाई निकै लामो लाग्छ । नल्लुमा पानी कति बढ्यो होला ? कतै खोलामा बाढी आएको त छैन ? बिहानसम्म अवस्था कस्तो होला ? भन्ने प्रश्न मनमा खेलिरहन्छ ।

बिहान हुनेबित्तिकै उहाँ नल्लु खोला हेर्न पुग्नुहुन्छ । खोलामा बाढीको भेल नदेखिएपछि मात्रै मन केही ढुक्क हुन्छ । "रातमा पानी परेपछि भोलिपल्ट बिहान नल्लु उर्लिएको छ कि छैन भनेर हेर्नु मेरो दैनिकी नै बनेको छ," पोखरेल भन्नुहुन्छ । शारदाले आफ्नो जीवनको अवधिमा त्यस क्षेत्रमा दुईपटक बाढी आएको देख्नुभयो । संयोगले दुई पटक नै असोज महिनामा बाढी आएको थियो । "२०५९ सालको असोज र २०८१ सालमा पनि असोज नै बाढी आयो । अहिले पनि असोज लागेपछि नै वर्षा भइरहेका छ । यो साल पनि असोजमा नै कतै बाढी त आउने होइन भन्ने त्रास त छ । जे होला । हामीले रोकेर रोक्न सकिँदैन । सतर्क रहने हो," उहाँ भन्नुहुन्छ ।

**पातलिँदै धार्मिक पर्यटन**

टीकाभैरव मन्दिर यस क्षेत्रको पहिचानलाई अझै उचो बनाएको थियो । धार्मिक आस्था बाकेर मन्दिर आगमन गर्ने धार्मिक पर्यटकहरू झुम्मिँदै थिए । पहिलाभन्दा भीड बाक्लिदै थियो । चैतको अष्टमी र पूर्णिमामा यहाँ ठुलो भीड लाग्ने गर्थ्यो । मन्दिर भत्किएयता सुनसान छ टीकाभैरव । काठमाडौँ, पाटन, भक्तपुर र बुङमतीलगायतका ठाउँबाट मानिसहरू पूजा गर्न आउने गरे पनि मन्दिर बगाएको खबरले आन्तरिक पर्यटकहरू ज्यादै पातलिएको बताउनहुन्छ स्थानीय दिलबहादुर श्रेष्ठ ।

स्थानीयका लागि मन्दिरसँग जोडिएका आफ्नै विश्वास छन् । टीकाभैरवलाई 'भैरवका महाराज'का रूपमा मान्ने गरिएको बताउनुहुन्छ उहाँ । यसैगरी मछिन्द्रनाथको दायाँपट्टीको चक्कामा टीकाभैरव मन्दिर बस्ने विश्वास रहेको छ । परिसरमा रहेको रामेश्वर नामको ठुलो ढुङ्गा छ । उक्त ढुङ्गामा दल्दा कम्मर दुखाइ निको हुने जनविश्वाससमेत जोडिएको स्थानीय बताउँछन् । सो ढुङ्गा लङ्काबाट हनुमानले ल्याएको जनविश्वास छ । यस्ता धार्मिक तथा सांस्कृतिक विश्वासले टीकाभैरवलाई स्थानीय सीमाभन्दा बाहिर पनि चिनाएको थियो ।

अहिले भने टीकाभैरव मन्दिरको पुनर्निर्माणका कार्य अगाडि बढिरहेको छ । धार्मिक आस्था र पर्यटकीय सम्भावना बोकेको उक्त मन्दिरलाई पुरानै स्वरूपमा उभ्याएर गुमेको पहिचानलाई पुर्नजन्म विश्वास छ स्थानीयको । फेरि पनि टीकाभैरवमा आउने भक्तजनको लाम्रालस्कर लाइन हेर्न आतुर छन् स्थानीयहरू ।

फेरिएको भू-दृश्य

टीकाभैरव र लेले आसपास क्षेत्रमा जहाँ पहिले खेत थियो, त्यहाँ अहिले ढुङ्गा र बगर देखिन्छ । कुनै समय यही खेतमा धान रोपेर केही महिना परिवार पाल्ने गरेको स्थानीय सम्झन्छन् । "यस्तै तीन-चार महिना खान पुग्थ्यो," स्थानीय कृष्ण खड्का सम्झनुहुन्छ । बाढीले खेत मात्रै बगाएन, नदीको धारसमेत परिवर्तन गरिदिएको उहाँको अनुभव छ ।

खोलाको किनार आसपासका केही घर र पसलमा पनि पानी तथा माटो पसेको थियो । पानी बढ्न थालेपछि कतिपय परिवारले घर छाडेर सुरक्षित स्थानमा गएर रात बिताएका थिए । पहिले खोलाको छेउमा रहेको विद्यालय अहिले केही माथि सारिएको स्थानीय बताउँछन् । संरचना सारिए पनि दुई वर्षअघिको भन्दा ठुलो वर्षा पो हुने हो कि भन्ने भय मनमा बाँकी नै छ स्थानीयहरूको । ठुलो पानी परेपछि बाढी मात्रै होइन, पहिरोको सम्भावनाले पनि उनीहरूलाई सताउने गरेको छ । पानी परेपछि मन लाग्ने डर, खोलातिर हेर्दा देखिने बगर र आँखै अगाडि बगेको मन्दिरको दृश्य उनीहरूका लागि नमिठो र अकल्पनीय सम्झना बनिरहेको छ ।

आइतबारदेखि मौसम क्रमिक रूपमा सुधार हुने

नेपाल मौसम विज्ञान विभागका मौसमविद् डेबिट ढकालले शनिबारसम्म मुलुकका विभिन्न स्थानमा भारी वर्षाको सम्भावना रहेकोले सतर्क रहनुपर्नेमा सुझाव दिनुभयो । "शुक्रबार वर्षाको गतिविधि अझ बढी हुने सम्भावना छ । कोसी, वाग्मती र गण्डकी प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेकाले ती क्षेत्रमा विशेष सतर्कता आवश्यक रहेको छ," उहाँले भन्नुभयो ।

मौसमविद् ढकालले शनिबार भने वर्षाको गतिविधि क्रमशः पश्चिमतर्फ केन्द्रित हुने देखिएको र गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली क्षेत्रमा भारी हिमपातको सम्भावना रहेको जानकारी दिनुभयो । उहाँका अनुसार ती क्षेत्रमा उच्च सतर्कता आवश्यक रहेको र गण्डकीदेखि पश्चिमका विभिन्न भूभागमा समेत वर्षाको गतिविधि बढ्ने सम्भावना छ ।

आइतबार भने वाग्मती र गण्डकीदेखि पूर्वी भूभागमा वर्षाको गतिविधि तुलनात्मक रूपमा कम हुने तथा पश्चिमी भूभागमा मौसमसम्बन्धी अद्यावधिक सूचना लिएर दैनिक गतिविधि सञ्चालन गर्न सकिने अवस्था देखिएको उहाँले बताउनुभयो । ढकालले विशेष गरी भारी वर्षा हुने सम्भावना भएका क्षेत्रका बासिन्दालाई बाढी तथा पहिरोको जोखिमप्रति सचेत रहन र विभागले जारी गर्ने मौसमसम्बन्धी सूचना नियमित रूपमा हेर्न आग्रह गर्नुभयो । ***(रासस)***

# टेन्टभित्र पानी छिर्दा... उपत्यकाका घरहरूमा पानी चुहिँदा ?

१० असोज २०८३ को 'अन्नपूर्ण पोस्ट' मा भोटेकोसीको बाढीबाट पीडित नुवाकोट जिल्लाको समाचारमा शीर्षक थियो- 'टेन्टभित्र पानी छिर्दा बाढी पीडितको विजोग' यस वर्षको भोटेकोसीको बाढीले त नेपालका समाचारपत्रहरूमा वर्षभरि बाढीपीडित जनताको दु:ख, दर्द र पीडाको कथा-व्यथाले लेख र समाचारहरू आउँदै गर्नेछन् ।

तर, त्यहाँ काम गर्ने प्राविधिकहरू, ठेक्का लिने र काम गर्ने ठेकेदारहरू र निर्माण गर्दाका जिम्मेवार सरकारका माथिल्ला कर्मचारीहरूले आ-आफ्ना लापरबाही, गल्ती, कमजोरी र अपराधप्रति प्रायश्चित र पश्चाताप गरेका छन्-छैनन् कम महत्त्वपूर्ण विषय होइन, यसबारे 'अख्तियार' को जाँचबुझ प्रतिवेदन त पछि आउँदै गर्ला !

तर, राजधानी उपत्यकामै सिमेन्टले बनेका झन्डै एकचौथाइ घरका जनता छाना र कौसी चुहावटबाट हाँस्नु र रुनुको अवस्थामा छन् । सिमेन्टका घरहरूमा माटाका घरहरूजस्तो टपटप चुहिने होइन बरु भित्ताहरू रसाएका छन् । कतै कतै घर र छाना, कोठा- कोठामा पाल र प्लास्टिकले 'सिंगारेका' छन् ।

कारण सोध्दा घर मालिकहरू भन्छन्, इँटा, माटो र काठको पुरानै शैलीको घर बनाउन नगरपालिकाले स्वीकृति दिँदैन । नाउँका मात्र प्राविधिक र जनताप्रति पटक्कै जिम्मेवारी अनुभव नगर्ने पालिका कर्मचारीहरू भन्छन्, "भवन विभागले 'काठ इँटा, माटो र ढुङ्गा' को घर बनाउँदा सबलताको ग्यारेन्टी (सुनिश्चित) छैन, मापदण्ड अहिलेसम्म सरकारले बनाएकै छैन, हामीले के गर्ने ?"

साधारण जनताले त्यो उत्तर बुझ्दैनन् । त्यसको अर्थ हो - पुस्तकहरूमा डण्डी र सिमेन्टको देशी र विदेशी कम्पनीहरूले दिएको मापदण्डअनुसार बनाउन दिएको हो । केही गरी साधारण भूकम्प आउँदा वा बिचमा घर ढलेमा ती 'डण्डी र सिमेन्ट' का कम्पनीहरूलाई दोष दिई मुद्दा चलाई क्षतिपूर्ति लिने कानुनी सम्भावना छ । तर, आजसम्म नेपाल सरकार वा सम्बन्धित मन्त्रालय, विभाग र इन्जिनियरिङ कलेजहरूले नेपालमा घर बनाउन चलिआएको विभिन्न प्रकारका काठहरूको स्ट्रेन्थ (बलिष्ठता) को सुनिश्चितता गरिएको छैन ।

त्यस्तै घर बनाउन प्रयोग गरिने र प्रयोग गरिएका माटाको गुण र बलिष्ठताको कुनै लिखत कानुनी पुस्तक वा सरकारबाट मान्यता प्राप्त दस्ताबेज, स्वीकृति वा आदेश छैनन् । त्यसकारण पालिकाका प्राविधिकहरूले त्यसमा (काठ, इँटा र माटाबाट बनाउने घरहरूको स्वीकृतिमा) हस्ताक्षर गर्न साहस गर्दैनन् ।

दोस्रो कुरा हो, डन्डी र सिमेन्टका घर बनाउने सानातिना ठेकदारहरूलाई माथिका प्राविधिक जटिलता थाहै नभएको वा भएर वा वास्ता गर्दैनन् र तिनीहरूका ज्यामीहरूलाई थाहै हुने वा तालिम दिएकै हुँदैनन् ।

तर साँच्चै भन्नुपर्दा भवन विभागका माथिल्ला जिम्मेवार व्यक्तिहरू आवश्यक ठाउँ र क्षेत्रमा गएर आवश्यक अध्ययन गर्दैनन् भन्ने व्यापक जनगुनासो छ । के हाम्रा सबै प्राविधिक महाशयहरू अत्यन्तै शारीरिक रूपले कमजोर भइसकेका र बौद्धिक रूपले पनि थाकिसकेका हुन् ?

होइन भने माथिका विषय र वस्तुहरूबारे अध्ययन खोइ ?

अहिलेको पालिकाको ऐन-कानुनअनुसार त्यस्ता प्राविधिक अधिकार र कानुनी अधिकार बोर्ड (नगरपालिका) र मेयरलाई अधिकार दिएको छैन, त्यस्ता सबै अधिकार सिंहदरबारबाट खटिएका कार्यकारी अधिकारीलाई मात्र छ ?

अब माथिका सबै विषयमा उपत्यकाका नागरिकहरू मात्रै होइन बारम्बार सरकारमा गई चन्द्र सूर्यको झन्डा भएको मोटरमा सयर गर्ने प्रम र शासक दलका नेता र कार्यकर्ताहरू पनि सचेत होऊन् !

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप - १२८

**भदौ २३ र २४ गतेको घटनामा नेपाली सेनाको भूमिका**

भदौ २४ गतेको घटनाका सम्बन्धमा उपत्यकाबाहिरका जिल्लामा पनि सेनाका प्रतिनिधि जिल्ला सुरक्षा समितिको सदस्यमा रहने कानुनी व्यवस्था भएको र सोही व्यवस्थाबमोजिम नेपाली सेना जिल्ला सुरक्षा समितिको निर्णयहरूमा पनि प्रत्यक्ष रूपमा सहभागी हुँदै आएको छ । भदौ २३ र २४ गते शान्ति सुरक्षाको अवस्था प्रहरी नियन्त्रणभन्दा बाहिर गएको अवस्थामा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जिल्ला सुरक्षा समितको निर्णयअनुसार प्रमुख जिल्ला अधिकारीहरूले नेपाली सेनाको सहयोग माग्दा सहयोग नपाएको गुनासो काठमाडौँलगायत बाहिर जिल्लाका प्र.जि.अ. र प्रहरी सुरक्षा अधिकारीहरूले निरीक्षण एवम् अनुगमनको क्रममा आयोगका पदाधिकारीहरूसँगको भेटमा खुलेर भनेका छन् । माग भएको अवस्थामा नेपाली सेना हतियार असवावसहित प्रदर्शनकारीको अगाडि आई परिचालित भएको भए सेनाको उपस्थितिले धेरै हदसम्म प्रदर्शनकारीहरूमा डर पैदा भई थप क्षति (damage control) रोक्न सक्ने अवस्था हुन्थ्यो भन्ने भनाइ आयोगसमक्ष व्यक्त गरेका छन् ।

भदौ २४ गते अन्दाजी १३:३० बजेदेखि प्रधानमन्त्री निवास बालुवाटारको पूर्वपट्टि रहेको मूल गेट बाहिर प्रदर्शनकारीहरू जम्मा भई तत्कालीन प्रधानमन्त्री के. पी. शर्मा ओलीविरुद्ध नाराबाजी गर्दै आक्रोशित भिड प्रधानमन्त्री निवासभित्र प्रवेश गर्न खोज्दा गेटमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूलाई सम्झाइबुझाइ गरी रोक्ने प्रयास गरेका थिए । तर, उक्त भिडमा प्रदर्शनकारीहरूको सङ्ख्या बढ्दै गएको कारणबाट सुरक्षाकर्मीहरूले मात्र थेग्न सक्ने अवस्था नरहँदा बल प्रयोग गर्नुपर्ने अवस्था आएको हुँदा सुरक्षाकर्मीहरूले बल प्रयोग नगरी उक्त स्थान छाडी गएपश्चात् प्रदर्शनकारीहरू मूलगेटबाट भित्र प्रवेश गरी मूलगेट छेउमा रहेको भवनमा तोडफोड आगजनी गर्दै भित्र रहेका अन्य भवन तथा सवारी साधनहरूमा क्षति पुऱ्याउँदै प्रधानमन्त्री बस्ने मूल आवास भवनतर्फ बढिरहँदा उक्त समयमा सुरक्षाकर्मीहरूले बल प्रयोगबिना सुरक्षा प्रदान गरी थप क्षति हुनबाट रोक्न सक्ने अवस्था थिएन । प्रधानमन्त्री निवासको सुरक्षाको सम्पूर्ण जिम्मेवारी लिएका नेपाली सेनाले खटिएका अन्य सुरक्षाकर्मीहरूलाई आवश्यक सहयोग गरी भिडको अनाधिकृत प्रवेशलाई रोक्नुपर्नेमा सो नगरी प्रदर्शनकारीहरूलाई निर्वाध रूपले प्रवेश गर्न दिई प्रधानमन्त्री निवासभित्र रहेका भवनलगायत अन्य सामग्रीसमेतमा आगजनी, तोडफोड तथा लुटपाट हुन दिएको घटनामा मौन बसी सुरक्षाको मूल जिम्मेवारी लिइएको नेपाली सेनाका तत्कालीन कमान्डरले आफ्नो कर्तव्य पूरा गरेको देखिएन र राज्यले ठुलो क्षति व्यहोर्नु परेको थियो ।

भदौ २३ गते कर्फ्यु आदेश जारी भएपश्चात् सङ्घीय संसद् भवनमा प्रदर्शनकारी र सुरक्षाकर्मीहरूको बिचमा भइरहेको झडपमा जिल्ला सुरक्षा समिति काठमाडौँको अनुरोधमा सुरक्षा प्रदान गर्नको निमित्त नरसिंह दल सिंहदरबारबाट अन्दाजी १२:४५ बजेको समयमा दुईवटा सवारी साधनमा नेपाली सेना सङ्घीय संसद् भवन (BICC) को करिब ३०० मिटर पूर्वपट्टि रहेको थापा गाउँमा पुग्दा प्रदर्शनकारीहरूले नेपाली सेना सवार रहेको गाडीलाई रोकी अवरोध गरेपश्चात् प्रहरीको सहयोगमा अन्दाजी १५:०० बजेको समयमा सङ्घीय संसद् भवन परिसरमा प्रवेश गरी संसद् भवनको चारैतर्फ प्रदर्शनकारीहरूसँग मुकाबिला गरिरहेका प्रहरीहरूलाई ठोस रूपमा आश्वस्त हुने गरी सहयोग नगरेको भनी तौहा परिसरमा डिउटी खटिएका प्रहरी अधिकृतले आयोगसमक्ष गरेको बयानमा उल्लेख गरेका छन् ।

भदौ २३ गते राति उक्त नेपाली सेनाको टोलीले सङ्घीय संसद् भवन परिसरभित्र बसी सुरक्षा प्रदान गरेको देखिन्छ र दोस्रो दिन भदौ २४ गते बिहान प्रदर्शनकारीहरूले सङ्घीय संसद् भवन परिसरमा प्रवेश गरी आगजनी र तोडफोड गर्न सुरु गरेको केही बेरमा नै नेपाली सेनाको उक्त टुकडी सङ्घीय संसद् भवन परिसरबाट बाहिर निस्किएको तहाँ खटिएका प्रहरी र प्रत्यक्षदर्शीहरूले बताएका छन् । दुवै दिन नरसिंह दल सिंहदरबारबाट सङ्घीय संसद् भवन सुरक्षार्थ खटिएका नेपाली सेनाको टोलीले आफ्नो सङ्घीय संसद् भवन कर्तव्य पूर्णरूपमा निर्वाह गरेको देखिएन ।

## सुरक्षित यात्रा गरौं

- यात्रा गर्दा सवारी साधनको अवस्था जाँच गरौं,
- चालकले तोकिएको गति र सीमाको पूर्ण पालना गरौं,
- मोटरसाइकलमा हेल्मेट तथा चारपाङ्ग्रे सवारीमा सिटबेल्ट अनिवार्य प्रयोग गरौं,
- मादक पदार्थ सेवन गरी सवारी नचलाऔं,
- सवारी चलाउँदा मोबाइल फोनको प्रयोग नगरौं,
- क्षमताभन्दा बढी यात्रु नचढौं/ नचढाऔं,
- लामो यात्रा गर्दा सवारी चालकले आवश्यक विश्राम लिने गरौं,
- सडक तथा मौसमको अवस्था हेरी सावधानीपूर्वक यात्रा गरौं ।

सुरक्षित यात्राका लागि ट्राफिक नियमको अनिवार्य पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## हार्दिक श्रद्धाञ्जली



हाम्रा बुबा/बाजे **बिकुनारां मातां**को निधनप्रति समवेदना दिनुहुने आफन्त, साथीभाइ, इष्टमित्रप्रति आभार प्रकट गर्दै ४५ औं दिनको पुण्यतिथिमा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**बिकुनारां मातां**
जन्म: १९९३/१०/२७
निधन:२०८३/०४/२९

**छोराहरू**
कृष्णगोविन्द/लक्ष्मीकेशरी मातां
कृष्णगोपाल/मोहनकेशरी मातां
न्हुछेराम मातां

**नातिहरू**
कृष्णराम/लक्ष्मीश्वरी सुजखु मातां
रामप्रसाद/रञ्जना बासुकला मातां
साजन, उकेश, रिदम, रियन

**नातिनीहरू**
सपना, कृति, लुमन्ति, लुनिभा
एवं समस्त मातां परिवार

## हार्दिक समवेदना

जन्म
१९९३/१०/२७



**बिकुनारां मातां**

स्वर्गारोहण
२०८३/०४/२९

हाम्रा प्रात: स्मरणीय तथा मेरा सम्धी कृष्णगोविन्द मातांका पूजनीय पिता **बिकुनारां मातां**को दु:खद निधन भएको आज ४५ औं दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सम्धी**
विष्णुकुमार बासुकला
रत्नकेशरी बासुकला

**छोरा/छोरी**
बिन्दिया बासुकला
बृजन बासुकला

**छोरी/ज्वाइँ**
महादेव अवस्थी / रेस्मा बासुकला अवस्थी
रामप्रसाद मातां / रञ्जना बासुकला मातां
सुनिल बोहजु / रविता बासुकला बोहजु
शशिर महर्जन / रेणुका बासुकला महर्जन

**नाति/नातिनी**
प्राज्ञ अवस्थी
प्रतिज्ञा अवस्थी
रिदम मातां
रियन मातां
रसुब बोहजु

## भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.

फोन नं. ०१–६६१४६८६, ९८६०११६४४४

### २९ औं वार्षिक साधारणसभासम्बन्धी सूचना

यस संस्थाको २०८३ भदौ १५ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको २९ औं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा हुने भएकोले सम्पूर्ण शेयर सदस्यहरूमा उपस्थितिको लागि अनुरोध गर्दछ ।

**कार्यक्रम**

**मिति** : **२०८३ असोज १७ गते, शनिबार**
**समय** : **बिहान १०:०० बजे**
**स्थान** : **ब्रह्मायणी पीठ**

**छलफलका विषयहरू**

१. आ.व. २०८२/२०८३ को सञ्चालक समितिको प्रगति प्रतिवेदन तथा आ.व. २०८३/०८४ को कार्यक्रम तथा अनुमानित वार्षिक बजेट ।
२. आ.व. २०८२/२०८३ को लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन ।
३. आ.व. २०८२/२०८३ को बाह्य लेखा परीक्षण प्रतिवेदन ।
४. आ.व. २०८३/२०८४ को लागि बाह्य लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण ।
५. संरक्षित पुँजी फिर्ता कोष वितरण ।
६. लाभांश निर्धारण ।
७. संस्थाको नीति कार्यविधि संशोधन ।
८. नयाँ कार्यविधि अनुमोदन ।
९. आ.व. २०८२/२०८३ को सञ्चालक समितिका निर्णयहरू अनुमोदन ।
१०. साधारणसभाको माइन्युट प्रमाणित गर्न प्रतिनिधिहरू चयन ।
११. विविध ।

**पुनश्च** :

१. साधारणसभामा उपस्थित भएबापत प्रतिशेयर सदस्यलाई करसहित रु. ६००।- (पाउने रकम रु. ५१०+ कर रु.९०) तथा बाल बचतकर्तालाई करसहित रु. ५००।- (पाउने रकम रु. ४२५+ कर रु.७५) खाजा खर्च रकम वितरण हुनेछ ।
२. उपस्थितिको लागि २०८३ असोज १६ गते बिहान ७:३० बजेदेखि ४:३० बजेसम्म संस्थाको कार्यालयमा र २०८३ असोज १७ गते, बिहान ९:०० बजेदेखि ३:०० बजेसम्म साधारणसभा स्थल ब्रह्मायणी पीठमा उपस्थिति जनाउन सकिनेछ ।
३. लाभांश रकम सदस्यकै खातामा पठाइनेछ र २०८३ असोज २० गते मङ्गलबारदेखि लाभांश रकम वितरण गर्नेछ ।
४. उपस्थित हुँदा अनिवार्य रूपमा पासबुक वा परिचयपत्रका साथ स्वयम् आउनु पर्नेछ ।
५. ऋणमा भाखा नाघेका ऋणीहरूलाई लाभांश तथा संरक्षित पुँजी फिर्ता कोषको सुविधा प्रदान गरिनेछैन ।
६. साधारणसभामा सदस्यहरूबाट सुझाव पेस गर्नुपर्ने भएमा २०८३ असोज ८ गते बिहीबार कार्यालय समयभित्र पेस गर्नुहुन अनुरोध गर्दछ ।

**सञ्चालक समिति**

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा